# प्रादेशिक आर्थिक गतिविधि अध्ययन
# (सुदूरपश्चिम प्रदेश)

## अर्ध-वार्षिक प्रतिवेदन

## (आर्थिक वर्ष २०७८/७९)




## नेपाल राष्ट्र बैंक

## धनगढी कार्यालय

## (२०७९ जेठ)

# भूमिका

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा १२ अनुसार बैङ्कले मूल्य स्थिरता, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, मुद्राप्रदाय तथा विदेशी विनिमयजस्ता विषयमा अध्ययन गर्ने, तथ्याङ्क संकलन/प्रशोधन/विश्लेषण गर्ने र नीति निर्माण गर्ने कार्य गर्दै आएको छ । त्यसै गरी ऐनको दफा १० को उपदफा ३ अनुसार नेपाल सरकार, सार्वजनिक निकाय तथा निजी क्षेत्रले यस बैङ्कलाई आर्थिक तथा वित्तीय विषयमा आवश्यक तथ्याङ्क उपलब्ध गराउनु पर्ने कानुनी व्यवस्था रहेको छ । साथै, नेपाल राष्ट्र बैङ्कले मौद्रिक नीति तर्जुमा तथा कार्यान्वयन गर्न वास्तविक क्षेत्रसँग सम्वन्धित तथ्याङ्कको नियमित संकलन तथा विश्लेषण गर्दछ ।

यस बैंकको “आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६” को आधारमा यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत सुदूरपश्चिम प्रदेशका ९ जिल्लामध्ये तराई क्षेत्रमा पर्ने कैलाली र कञ्चनपुर, पहाडी क्षेत्रमा पर्ने डोटी, डडेल्धुरा, अछाम, बैतडी तथा हिमाली क्षेत्रमा पर्ने दार्चुला, बझाङ र बाजुरा जिल्लामा स्थलगत तथा गैह्रस्थलगत सर्वेक्षण गरिएको छ । सो सर्वेक्षण तथा अन्तरक्रिया एवम् प्राप्त जानकारीको आधारमा कृषि, उद्योग, सेवा, पूर्वाधार विकासलगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको जिल्लास्थित विभिन्न सरकारी कार्यालय, क्षेत्रीय निर्देशनालय एवम् सम्बन्धित परियोजना/उद्योग प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका आधारमा संकलन गरिएको तथ्याङ्कको प्रशोधन र विश्लेषण गरी विगत वर्षहरुमा जस्तै आर्थिक वर्ष २०७८/७९ को सुदूरपश्चिम प्रदेशको अर्धवार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ । प्रतिवेदनमा सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा पहिचान भएका क्षेत्रगत समस्या/चुनौती तथा आगामी अवधिको क्षेत्रगत परिदृश्य समेत चित्रण गरिएको छ ।

यो प्रतिवेदन तयार पार्न सूचना तथा तथ्याङ्क उपलब्ध गराई महत्वपूर्ण सहयोग पुर्‍याउनु हुने सुदूरपश्चिम प्रदेशमा अवस्थित विभिन्न सरकारी कार्यालयहरु, क्षेत्रीय निर्देशनालयहरु एवम् विभिन्न परियोजना/उद्योग/प्रतिष्ठान तथा सरोकारवाला तथा निजी क्षेत्रका कार्यालय एवम् संस्थाहरुप्रति आभार प्रकट गर्दछु । यसैगरी यो प्रतिवेदन तयार पार्न संलग्न हुनु हुने अनुसन्धान इकाईका उपनिर्देशक श्री अवन्तिका रिमाल, सहायक निर्देशकद्वय श्री प्रेम चन्द ठकुरी र श्री तुलसा ओझा, प्रधान सहायक श्री राम कुमार चौधरी तथा सहायक श्री महेश प्रसाद भट्टलाई धन्यवाद दिन चाहन्छु ।

बिनोद राज लेखक
निर्देशक
नेपाल राष्ट्र बैंक,
धनगढी कार्यालय

## विषयसूची

**परिच्छेद १** १

**परिचय** १

१.१ पृष्ठभूमि १

१.२ प्रतिवेदन तर्जूमा विधि, संरचना र तथ्याङ्क संकलन १

१.३ अध्ययन प्रतिवेदनको सीमा २

१.४ अध्ययन प्रतिवेदनको ढाँचा २

**परिच्छेद २** ३

**कृषि उद्योग र सेवा क्षेत्रको तुलनात्मक स्थिति** ३

२.१ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा ३

२.२ अन्तर प्रदेश तुलना ३

२.३ सुदूरपश्चिम प्रदेशको भूभाग र जनसंख्या ४

२.४ प्रादेशिक क्षमता, चुनौती तथा सम्भावना ५

**२.४.१ प्रादेशिक क्षमता** ५

**२.४.२ सुदूरपश्चिम प्रदेशका चुनौतीहरु** ५

**२.४.३ सुदूरपश्चिम प्रदेशका सम्भावनाहरु** ६

**परिच्छेद ३** ७

**कृषि क्षेत्र** ७

३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र ७

**३.१.१ खाद्य तथा अन्य बाली :** ७

**३.१.२ तरकारी :** ७

**३.१.३ फलफूल तथा मसला :** ७

३.२ कृषि उत्पादन ८

**३.२.१ खाद्य तथा अन्य बाली** ८

**३.२.२. तरकारी** ९

**३.२.३. फलफूल तथा मसला :** ९

३.३. पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन १०

**३.३.१ पशुपंन्छी उत्पादन :** १०

३.४ सिँचाइ ११

३.५ क्षेत्रगत कृषि कर्जा ११

३.६ सहुलियतपूर्ण कर्जा र पुनरकर्जा १२

३.७ कृषि क्षेत्रका सम्भावना र चुनौतीहरु १३

**परिच्छेद ४** १५

**उद्योग क्षेत्र** १५

४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी १५

४.२ क्षेत्रगत औद्योगिक कर्जा १५

४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना १७

**परिच्छेद ५** १९

**सेवा क्षेत्र** १९

५.१ पर्यटन १९
५.२ सार्वजनिक निर्माण तथा रियल स्टेट २०
५.३ वित्तीय सेवा २०
५.४ यातायात २१
५.५ सेवा क्षेत्र कर्जा २१
५.६ सेवा क्षेत्रको चुनौती र सम्भावना २२
**परिच्छेद ६** २४
**पूर्वाधार र रोजगारी** २४
६.१ पूर्वाधार क्षेत्र २४
६.२ वैदेशिक रोजगारी २५
६.३ प्रत्यक्ष वैदेशिक लगानी २५
६.४ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना २६
**परिच्छेद ७** २६
**आर्थिक परिदृष्य** २७
७.१ कृषि उत्पादन २७
७.२ औद्योगिक उत्पादन २७
७.३ सेवा क्षेत्र २७
७.४ पूर्वाधार क्षेत्र २८

## तालिका सूची

तालिका १: प्रादेशिक आर्थिक परिसूचकहरु ........ ४
तालिका २: सुदूरपश्चिम प्रदेशको जिल्लागत जनसंख्याको विवरण ........ ५
तालिका ३ : कृषि उपजले ढाकेको भू-क्षेत्र २०७८-७९ ........ ८
तालिका ४ : कृषि बालीको उत्पादन २०७८/७९ ........ ९
तालिका ५ : प्रमुख पशुपंक्षीजन्य उत्पादन ........ १०
तालिका ६ : जिल्लागत रुपमा कर्जाको प्रवाहको अवस्था ........ १३
तालिका ७: जिल्लागत रुपमा औद्योगिक कर्जा प्रवाहको अवस्था ........ १६
तालिका ८ : बैंक तथा वित्तीय संस्थाका शाखा ........ २०
तालिका ९: सेवाक्षेत्र कर्जा प्रवाहको अवस्था ........ २२
तालिका १० : प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सृजित रोजगारीको अवस्था ........ २५

## चित्र सूची

चित्र १ : आर्थिक वर्ष २०७८/७९ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको हिस्सा (प्रतिशतमा) ........ ३
चित्र २ : प्रमुख खाद्यान्न बालीले ढाकेको क्षेत्रफल (हजार हेक्टरमा) ........ ७
चित्र ३ : प्रमुख खाद्यान्न बालीको उत्पादन स्थिति (हजार मेट्रिक टनमा) ........ ९
चित्र ४ : प्रमुख खाद्य तथा अन्य बालीको जिल्लागत उत्पादन स्थिति (हजार मेट्रिक टनमा) ........ १०
चित्र ५ : सिंचाई सुविधा (हजार हेक्टरमा) ........ ११
चित्र ६ : क्षेत्रगत कृषि कर्जा प्रवाहको अवस्था (रु. दश लाखमा) ........ १२
चित्र ७ : सहुलियतपूर्ण कर्जा तथा पुनरकर्जा प्रवाहको अवस्था (रु. दश लाखमा) ........ १२
चित्र ८ : उद्योगको क्षमता उपयोगको अवस्था (प्रतिशतमा) ........ १५
चार्ट ९ : औद्योगिक कर्जा प्रवाह (रु. करोडमा) ........ १६
चित्र १० : निक्षेप तथा कर्जा (रु. अर्बमा) ........ २१
चित्र ११ : सेवा क्षेत्र कर्जा प्रवाह (रु. करोडमा) ........ २२
चित्र १२ : आर्थिक बर्ष २०७७/७८ सम्म जिल्लागत रुपमा वैदेशिक लगानी रहेका परियोजनाको संख्या ........ २६

बक्स १: दैजी छेला औद्योगिक क्षेत्र
बक्स २: पर्यटन क्षेत्रको वस्तु स्थिति
बक्स ३: नमूनाको रुपमा छनौट गरिएका सहकारीहरुको अध्ययन

## सारांश

### कृषि

१. समीक्षा अवधिमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) ले ढाकेको भू-क्षेत्र ०.५८ प्रतिशतले घटेको छ भने यस्ता बालीको उत्पादन १०.७१ प्रतिशतले घटेको छ ।

२. समीक्षा अवधिमा प्रमुख खाद्य तथा अन्य बालीमध्ये सबैभन्दा बढी कोदोको उत्पादन २२.४७ प्रतिशतले वृद्धि भएको छ भने धान उत्पादनमा ३१.४९ प्रतिशतले ह्रास आएको छ । त्यसैगरी, तरकारी उत्पादनमा ०.०७ प्रतिशतले ह्रास आएको छ भने फलफूल तथा मसला ६.२५ प्रतिशतले बढेको छ ।

३. पशुजन्य उत्पादन अन्तर्गत दूध १.५९ प्रतिशत, मासु १.५५ प्रतिशत, अण्डा ०.५१ प्रतिशतले बढेको छ ।

४. समीक्षा अवधिमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाले १०.१० प्रतिशत कर्जा कृषि क्षेत्रमा प्रवाह गरेका छन् ।

### उद्योग

५. समीक्षा अवधिमा यस प्रदेशका अध्ययन नमूनामा समेटिएका उद्योगको औसत क्षमता उपयोग ३४.९९ प्रतिशत रहेको छ ।

६. औद्योगिक उत्पादनमध्ये आर्थिक वर्ष २०७८/७९ को अर्धवार्षिक अवधिमा रोजीन र तोरीको तेलको उत्पादनमा ह्रास आएको छ भने अन्य वस्तुहरुको उत्पादनमा वृद्धि भएको छ ।

७. अध्ययन क्षेत्र अर्न्तगतका बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको औद्योगिक कर्जा कुल प्रवाहित कर्जाको १८.४९ प्रतिशत रहेको छ ।

### सेवा

८. समीक्षा अवधिमा यस प्रदेशमा केही जिल्लामा ठूलो लगानीका नयाँ होटलहरु सञ्चालनमा आएका तर कुनै जिल्लामा केही होटलहरु पूर्ण रुपमा बन्द भएका कारण समग्रमा पर्यटकस्तरीय होटल तथा लज संख्यामा ६.५२ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै शैया संख्या ८.९९ प्रतिशतले बढेको छ ।

९. घरजग्गा रजिष्ट्रेशन संख्या १०.८८ प्रतिशतले घटेको छ भने, रजिष्ट्रेशन राजस्व ५८.५८ प्रतिशतले बढेको छ ।

१०. यस प्रदेशका बैंक तथा वित्तीय संस्थाको आर्थिक वर्ष २०७८/७९ को पुस मसान्तसम्मको निक्षेप २०७८ असार मसान्तको तुलनामा ३.०२ प्रतिशतले घटेको छ भने कर्जा प्रवाह १५.८१ प्रतिशतले वृद्धि भएको छ ।

११. समीक्षा अवधिमा यातायात साधन संख्या १६.३७ प्रतिशतले वृद्धि भएको छ ।

परिच्छेद १

# परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले मौद्रिक नीति तर्जुमा तथा कार्यान्वयन गर्न वास्तविक क्षेत्रसँग सम्बन्धित तथ्याङ्कको नियमित संकलन तथा विश्लेषण गर्दछ । आर्थिक तथा वित्तीय क्षेत्रसँग सम्बन्धित तथ्याङ्क तथा सूचनाको विश्लेषणबाट मुलुकको आर्थिक विकासको अवस्था, आधार एवम् गुणस्तरको जानकारी प्राप्त भई आर्थिक विकास तथा स्थायित्व प्राप्त गर्न र आवश्यक नीति तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्न सहयोग पुग्दछ । नेपाल राष्ट्र बैंकले मुलुकको समष्टिगत अर्थतन्त्र, आर्थिक, वित्तीय र वाह्य क्षेत्रसँग सम्बन्धित तथ्याङ्क तथा विवरण समावेश गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्दै आएको छ । यस्तो प्रतिवेदन अर्ध-वार्षिक र वार्षिक गरी वर्षको दुई पटक प्रकाशन हुने गरेको छ । प्रस्तुत प्रतिवेदन आर्थिक वर्ष २०७८/७९ को अर्धवार्षिक तथ्याङ्कमा (२०७८ साउनदेखि पुससम्मको तथ्याङ्कमा) आधारित रहेको छ ।

विगतमा देशका ५७ जिल्लाहरुबाट तथ्याङ्क संकलन गरी अध्ययन प्रतिवेदन तर्जूमा गर्ने प्रचलन रहेकोमा मुलुकमा संघीयता कार्यान्वयनमा आएपछि देशका ७७ वटै जिल्लाहरुबाट तथ्याङ्क संकलन गरी अध्ययन प्रतिवेदन तर्जूमा गर्ने गरिएको भएतापनि गत वर्षदेखि प्रदेशगत रुपमा यस्तो प्रतिवेदन तयार गर्ने गरिएको छ । सुदूरपश्चिम प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदनमा यस प्रदेशका दार्चुला, बैतडी, डडेलधुरा, कञ्चनपुर, बझाङ्ग, बाजुरा, डोटी, अछाम र कैलाली गरी ९ जिल्लाहरु समेटि प्रतिवेदन तयार गर्ने गरिएको छ ।

## १.२ प्रतिवेदन तर्जूमा विधि, संरचना र तथ्याङ्क संकलन

सुदूरपश्चिम प्रदेशका ९ वटै जिल्लाहरु समावेश गरी कृषि, उद्योग, सेवा र पूर्वाधार सम्बन्धी प्रगति विवरण, सम्भावना, चुनौती एवम् आगामी कार्यदिशा प्रतिवेदनमा समावेश गरिएको छ । त्यस्तै, राष्ट्रिय अर्थतन्त्रमा यस प्रदेशको क्षेत्रगत हिस्सा, अन्य प्रदेशसँगको तुलनात्मक स्थिति, प्रदेशका महत्वपूर्ण आर्थिक परिसूचकहरु समेत यस प्रतिवेदनमा समावेश गरिएको छ । साथै, नेपाल सरकारको बहुप्रतिक्षित दैजी छेला औद्योगिक क्षेत्रको प्रगति विवरण समेटिएको अध्ययनलाई समेत यस पटकको प्रतिवेदनमा संलग्न गरिएको छ ।

नेपाल राष्ट्र बैंकको “आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६” को आधारमा यस कार्यालयको कार्य क्षेत्र अन्तर्गत सुदूरपश्चिम प्रदेशका ९ वटै जिल्लाका सम्बन्धित निकायहरुबाट स्थलगत र गैरस्थलगत माध्यमबाट प्राप्त तथ्याङ्कको प्रशोधन र विश्लेषण, सरोकारवाला निकाय तथा विषय विज्ञसँगको अन्तरक्रियाबाट प्राप्त जानकारी तथा सुझावका आधारमा यस अध्ययन प्रतिवेदन तयार पारिएको छ ।

प्रतिवेदनमा राष्ट्रिय अर्थतन्त्रमा प्रदेशगत हिस्सा, अन्य प्रदेशसँगको तुलनात्मक स्थिति सम्बन्धी तथ्याङ्क केन्द्रीय तथ्याङ्क विभागबाट, कृषि सम्बन्धी तथ्याङ्क सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयबाट तथा कृषि विकास निर्देशनालय तथा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयबाट संकलन गरिएको छ । यी निकायहरुबाट प्रदेशमा कृषि उपजले ढाकेको भू-क्षेत्र, कृषि उत्पादन, सिँचाई, पशुपन्छी माछा तथा वनजन्य उत्पादन लगायतका तथ्याङ्कहरु संकलन गरिएको छ ।

औद्योगिक क्षेत्रतर्फ, उद्योगहरुको उत्पादन, क्षमता उपयोग, रोजगारी लगायतका विवरण नमूना छनौटमा परेका १३ वटा उद्योगहरुको गैर-स्थलगत सर्वेक्षणबाट संकलन गरिएको छ। बैंकिङ्ग क्षेत्र अन्तर्गत कृषि, उद्योग र सेवा क्षेत्रको जिल्लागत कर्जा, निक्षेप, शाखा संख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा आदि तथ्याङ्क आर्थिक अनुसन्धान विभाग मार्फत लिइएको छ। साथै, मालपोत कार्यालयको घरजग्गा रजिष्ट्रेशन संख्या र सो बापतको राजश्वको रकम नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभाग मार्फत लिइएको छ ।

सेवा क्षेत्र अन्तर्गत पर्यटन गतिविधि सम्बन्धी विवरण नमूना छनौटमा परेका १० होटलहरुबाट स्थलगत तथा गैस्थलगत सर्वेक्षणबाट प्राप्त गरिएको छ । घरजग्गा नक्शापास तथ्याङ्क सम्बन्धित जिल्लाका नगरपालिकाहरुबाट,

पूर्वाधार सम्बन्धी तथ्याङ्क यस प्रदेशको भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय, सडक डिभिजन कार्यालय र नगरपालिकाबाट समेत लिइएको छ। यातायाततर्फ, सवारी संख्या सम्बन्धि विवरण यातायात व्यवस्था कार्यालयबाट लिइएको छ। सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न यस प्रदेशका ९ वटा जिल्लाहरुबाट १० वचत तथा ऋण सहकारी संस्थाहरुको नमुना छनौट गरी विवरण संकलन गरिएको छ।

पूर्वाधार क्षेत्र अन्तरगत यस प्रदेशमा रहेका राष्ट्रिय गौरव तथा प्रदेश गौरवका आयोजना सम्बन्धी विवरण भौतिक पूर्वाधार विकास मन्त्रालय सुदूरपश्चिम प्रदेशबाट लिइएको छ।

## १.३ अध्ययन प्रतिवेदनको सीमा

देशमा संघीयता कार्यान्वयनमा आइसकेपश्चात तथ्याङ्क उपलब्ध गराउने कार्यालयहरुको पुर्नसंरचना भएकोले हालसम्म समेत तथ्याङ्क संगठित तथा व्यवस्थित गर्ने कार्यमा पूर्णता आइनसकेकाले कृषि उत्पादन, शिक्षा, स्वास्थ्य र पूर्वाधार लगायतका कतिपय विवरणहरु समयगत र निकायगत एकरुपता कायम हुन सकेको छैन।

सेवा क्षेत्र अर्न्तगत पर्यटन सम्बन्धी तथ्याङ्कको हकमा यस क्षेत्रमा रहेका होटल तथा लजहरुले पर्यटक सम्बन्धी उपलब्ध सीमित तथ्याङ्क (पर्यटक आगमन संख्या तथा औषत बसाई) विवरणलाई नै आधिकारिकता मानी विश्लेषण गर्ने गरिएको छ।

समयसीमाका कारण प्रदेशका ९ वटै जिल्लाहरुमा स्थलगत रुपमा तथ्याङ्क संकलन गर्न नसकिएकोले र गैरस्थलगत माध्यमबाट पनि तथ्याङ्क संकलन गरिएका क्षेत्रहरुको यथार्थ वस्तुस्थिति बुझ्न सकिएका छैन।

तथ्याङ्क प्रदायक निकायहरुले समयमै तथ्याङ्क उपलब्ध नगराउँदा, उपलब्ध तथ्याङ्कमा एकरुपता हुन सकेको छैन।

## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

यस प्रतिवेदनमा ७ वटा परिच्छेद रहेका छन। परिच्छेद १ मा अध्ययन प्रतिवेदनको पृष्ठभूमि, तर्जुमा विधि र सीमा सहितको परिचय प्रस्तुत गरिएको छ। परिच्छेद २ मा कृषि, उद्योग र सेवा क्षेत्रको तुलनात्मक स्थिति प्रस्तुत गरिएको छ। त्यसैगरी, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र र परिच्छेद ६ मा पूर्वाधार र रोजगारी क्षेत्रको विवरण समावेश गरिएको छ भने परिच्छेद ७ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ।


परिच्छेद २

# कृषि उद्योग र सेवा क्षेत्रको तुलनात्मक स्थिति

## २.१ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा

केन्द्रीय तथ्याङ्क विभागका अनुसार आर्थिक वर्ष २०७८/७९ मा सुदूरपश्चिम प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा रु. ३ खर्ब ३९ अर्ब हुने अनुमान गरिएको छ भने गत आर्थिक वर्षको संशोधित अनुमान रु. ३ खर्ब १ अर्ब रहेको छ । गत आर्थिक वर्षमा राष्ट्रिय गार्हस्थ्य उत्पादनमा यस प्रदेशले ७ प्रतिशत हिस्सा ओगटेको थियो भने आर्थिक वर्ष २०७८/७९ मा पनि यस प्रदेशको योगदान ७ प्रतिशत नै हुने अनुमान गरिएको छ। आर्थिक वर्ष २०७७/७८ मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ४.२ प्रतिशत थियो भने आर्थिक वर्ष २०७८/७९ मा ४.९ प्रतिशत हुने अनुमान गरिएको छ । सुदूरपश्चिमको प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी योगदान ३३.५ प्रतिशत कृषि क्षेत्रको रहेको छ भने सबैभन्दा कम योगदान ०.१ प्रतिशत प्रशासकिय तथा सहयोगी सेवा सम्बन्धी कार्यहरुको रहेको छ ।

**चित्र १: आर्थिक वर्ष २०७८/७९ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको हिस्सा (प्रतिशतमा)**




(स्रोत: केन्द्रीय तथ्याङ्क विभाग)

## २.२ अन्तर प्रदेश तुलना

केन्द्रीय तथ्याङ्क विभागद्वारा जारी आर्थिक वर्ष २०७८/७९ को प्रादेशिक कुल गार्हस्थ्य उत्पादनसम्बन्धी प्रतिवेदनका अनुसार चालु आर्थिक वर्षमा सबै प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर गत आर्थिक वर्षको आर्थिक वृद्धिदर भन्दा बढ्ने अनुमान गरिएको छ ।

### (क) कुल गार्हस्थ्य उत्पादन:

आर्थिक वर्ष २०७८/७९ मा राष्ट्रिय वार्षिक कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा रु.४८ खर्ब ५२ अर्ब हुने अनुमान गरिएकोमा ३६.९ प्रतिशत योगदान सहित सबैभन्दा बढी बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादन रु. १७ खर्ब ९१ अर्ब हुने अनुमान गरिएको छ भने सबैभन्दा कम हिस्सा ४.१ प्रतिशतको योगदान सहित कर्णाली प्रदेशको करिव रु. १ खर्ब ९८ अर्ब हुने अनुमान गरिएको छ। अघिल्लो आर्थिक वर्षजस्तै आर्थिक वर्ष २०७८/७९ मा पनि बागमती प्रदेश पछि कुल गार्हस्थ्य उत्पादनमा बढी योगदान पुऱ्याउने प्रदेशहरुमा क्रमशः प्रदेश १, लुम्बिनी प्रदेश,

मधेश प्रदेश, गण्डकी प्रदेश, सुदूरपश्चिम र कर्णाली प्रदेश रहेका छन् । सुदूरपश्चिम प्रदेशको कुल गार्हस्थ उत्पादन उपभोक्ताको मूल्यमा करिब रु. ३ खर्ब ३९ अर्ब हुने अनुमान गरिएको छ ।

### (ख) आर्थिक वृद्धिः

आर्थिक वर्ष २०७८/७९ मा राष्ट्रिय तहमा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (उपभोक्ता मूल्यमा) ५.८ प्रतिशत अनुमान गरिएकोमा बागमती प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा बढी ६.७ प्रतिशत र मधेश प्रदेशको वृद्धिदर सबैभन्दा कम ४.८ प्रतिशत रहने अनुमान गरिएको छ भने सुदूरपश्चिम प्रदेशको वृद्धिदर ४.९ रहने अनुमान गरिएको छ । गत आर्थिक वर्षमा बागमती प्रदेशको वृद्धिदर सबै भन्दा बढी ४.६ प्रतिशत तथा गण्डकी प्रदेशमा सबै भन्दा कम वृद्धिदर ३.७ प्रतिशत रहेको थियो भने कर्णाली प्रदेशको वृद्धिदर ४.३ र सुदूरपश्चिम प्रदेशको वृद्धिदर ४.२ प्रतिशत रहेको थियो ।

### (ग) क्षेत्रगत योगदानः

आर्थिक वर्ष २०७८/७९ मा प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान सवैभन्दा बढी मधेश प्रदेशको ३४.३ प्रतिशत, उद्योग क्षेत्रको योगदान सबैभन्दा बढी गण्डकी प्रदेशको १८.४ र सेवा क्षेत्रको योगदान सबैभन्दा बढी बागमती प्रदेशको ७६.७ प्रतिशत रहने अनुमान रहेको छ । प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा सुदूरपश्चिम प्रदेशको कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३३.५ प्रतिशत, १४.६ प्रतिशत र ५१.८ प्रतिशत रहने अनुमान छ ।

**तालिका १: प्रादेशिक आर्थिक परिसूचकहरु**

**(आर्थिक वर्ष २०७८/७९)**

| आर्थिक परिसूचक | प्रदेश १ | मधेश प्रदेश | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु.अर्बमा) | ७६३.२७ | ६४४.२८ | १७९०.६८ | ४३१.८० | ६८४.८८ | १९७.९९ | ३३८.७२ | ४८५१.६२ |
| राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत) | १५.७ | १३.३ | ३६.९ | ८.९ | १४.१ | ४.१ | ७ | १०० |
| आर्थिक वृद्धिदर (प्रतिशत) | ५.४ | ४.८ | ६.७ | ६.२ | ५.४ | ५.५ | ४.९ | ५.८ |
| कृषि क्षेत्रमा प्रदेशको अंश ( प्रतिशत) | २१.८ | १९.० | १७.१ | ९.६ | १८.७ | ५.४ | ९.८ | १०० |
| उद्योग क्षेत्रमा प्रदेशको अंश ( प्रतिशत) | १९.५८ | ११.२५ | ३१.५७ | ११.४५ | १५.८५ | ३.१६ | ७.१४ | १०० |
| सेवा क्षेत्रमा प्रदेशको अंश ( प्रतिशत) | १२.५१ | ११.५१ | ४५.८६ | ८.०० | १२.४७ | ३.७९ | ५.८६ | १००. |
| कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत) | | | | | | | | |
| कृषि क्षेत्र | ३३.१० | ३४.३० | ११.१० | २६.०० | २९.४२ | ३१.५० | ३३.५५ | २३.९० |
| उद्योग क्षेत्र | १७.८० | १२.१० | १२.२० | १८.४० | १६.०४ | ११.१० | १४.६१ | १४.३० |
| सेवा क्षेत्र | ४९.१० | ५३.६० | ७६.७० | ५५.६० | ५४.५४ | ५७.४० | ५१.८४ | ६१.८० |

(स्रोतः केन्द्रीय तथ्याङ्क विभाग)

## २.३ सुदूरपश्चिम प्रदेशको भूभाग र जनसंख्या

सुदूरपश्चिम प्रदेशमा ९ जिल्ला रहेका छन । नेपालको सुदूर पश्चिममा अवस्थित हिमालदेखि तराईसम्म फैलिएको यस प्रदेशले नेपालको कुल भू-भागको १३.२३ प्रतिशत क्षेत्रफल (१९,५१६ वर्ग कि.मि.) ओगटेको छ । प्रशासनिक हिसाबले यस प्रदेशलाई ९ जिल्ला, १ उपमहानगरपालिका, ३३ नगरपालिका र ५४ गाँउपालिका गरी ८८ स्थानीय तहमा विभाजन गरिएको छ । २०७८ सालको जनगणना अनुसार यस प्रदेशको कुल जनसंख्या २७,११,२७० जना रहेको छ । यसको विस्तृत विवरण देहायबमोजिम रहेको छ ।

**तालिका २: सुदूरपश्चिम प्रदेशको जिल्लागत जनसंख्याको विवरण**

| जिल्ला | जनसंख्या २०६८ | | | जनसंख्या २०७८ | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| दार्चुला | ६३,६०५ | ६९,६६९ | **१३३,२७४** | ६५,३४९ | ६९,७०७ | **१३५,०५६** |
| बैतडी | ११७,४०७ | १३३,४९१ | **२५०,८९८** | ११५,४२६ | १२८,९७४ | **२४४,४००** |
| डडेलधुरा | ६६,५५६ | ७५,५३८ | **१४२,०९४** | ६५,९३० | ७३,४९० | **१३९,४२०** |
| कञ्चनपुर | २१६,०४२ | २३५,२०६ | **४५१,२४८** | २४३,५९८ | २७४,०४७ | **५१७,६४५** |
| बझाङ्ग | ९२,७९४ | १०२,३६५ | **१९५,१५९** | ८८,९८८ | १००,१०९ | **१८९,०९७** |
| बाजुरा | ६५,८०६ | ६९,१०६ | **१३४,९१२** | ६७,६०८ | ७१,३९० | **१३८,९९८** |
| डोटी | ९७,२५२ | ११४,४९४ | **२११,७४६** | ९५,०६६ | ११०,६१७ | **२०५,६८३** |
| अछाम | १२०,००८ | १३७,४६९ | **२५७,४७७** | १०६,२४० | १२३,५७६ | **२२९,८१६** |
| कैलाली | ३७८,४१७ | ३९७,२९२ | **७७५,७०९** | ४३९,७९२ | ४७१,३६३ | **९११,१५५** |
| **जम्मा** | १,२१७,८८७ | १,३३४,६३० | २,५५२,५१७ | १,२८७,९९७ | १,४२३,२७३ | २,७११,२७० |

(स्रोत: केन्द्रीय तथ्याङ्क विभाग)

## २.४ प्रादेशिक क्षमता, चुनौती तथा सम्भावना

### २.४.१ प्रादेशिक क्षमता

१. सुदूरपश्चिम प्रदेशका तराईका तथा पहाडका जिल्लाहरुमा कृषि क्षेत्रमा सीप, पुँजी, प्रविधिको प्रयोगमार्फत उत्पादन प्रक्रियाको यान्त्रीकरण र आधुनिकीकरण, भूमिको बैज्ञानिक उपयोग, विशिष्टिकृत कृषि प्रणालीको विकास गरी गरिबी निवारण गर्दै प्रदेशको दिगो आर्थिक विकास तथा खाद्य सुरक्षा सुनिश्चित गर्न सकिनुका साथै, जडिवुटी प्रशोधन उद्योगहरु स्थापना गरेर यस क्षेत्रको आर्थिक विकासमा टेवा पुऱ्याउन सकिने ।

२. यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान अन्य क्षेत्रभन्दा न्यून रहेकाले यस क्षेत्रमा पूर्वाधार सहितको साहसिक पर्यटन उद्योग, पदयात्रा, धार्मिक पर्यटन उद्योग, खेलकूद पर्यटन तथा स्थानीयस्तरमा उपलब्ध हुने तरकारी, फलफूल, मसाला लगायत कच्चा पदार्थमा आधारित उद्योगहरुलाई उच्च प्राथमिकतामा राखी प्रादेशिक औद्योगिक विकासलाई गति दिन सकिनुका साथै, भारतसँग सिमाना जोडिएकाले यस प्रदेशमा उत्पादित बस्तु तथा सेवा निर्यातको समेत सम्भावना रहेको ।

३. यस प्रदेशका पहाडी जिल्लाहरुमा निर्माणाधीन विभिन्न जलविद्युत् आयोजनाहरुको निर्माण द्रुत गतिमा सम्पन्न भएमा विद्युतीय पहुँच अभिवृद्धि भई विद्युत्मा आधारित उद्योग विस्तार गर्न सकिने सम्भावना रहेको । साथै, प्रदेशमा वैकल्पिक उर्जा (सौर्य उर्जा, वायोग्यास आदि) को प्रवर्द्धन, विकास र विस्तार गर्न सकिने सम्भावना रहेको ।

### २.४.२ सुदूरपश्चिम प्रदेशका चुनौतीहरु

१. कृषि पूर्वाधारको अभाव, प्राकृतिक प्रकोप व्यवस्थापन, तीव्र बसाईसराईका कारण खेतीयोग्य जमिन बाँझो राख्ने प्रवृत्ति लगायतका कारणले यस प्रदेशको उत्पादनलाई व्यावसायीकरण गरी कृषि उत्पादनमा प्रदेशलाई आत्मनिर्भर बनाउने कार्य चुनौतिपूर्ण रहेको ।

२. यस प्रदेशमा अथाह सम्भावना भएका क्षेत्रहरुको उत्खनन, प्रशोधन र अध्ययन अनुसन्धानको कमीले प्रादेशिक औद्योगिक र उद्यमशीलता विकासको गति न्यून रहेको ।

३. भौगोलिक विकटताका बीच छरिएर रहेका बस्ती तथा गाउँहरुमा वित्तीय पूर्वाधारको विकास तथा वित्तीय साक्षरता अभिवृद्धिमार्फत वित्तीय पहुँच विस्तार गर्ने, आवश्यक पूर्वाधार निर्माण गर्ने, निक्षेप संकलन तथा कर्जा परिचालन, दक्ष जनशक्ति निर्माण मुख्य चुनौतीको रुपमा रहेको ।
४. पहाडी जिल्लाहरुलाई तराईका जिल्लाहरुसँग जोड्ने विभिन्न योजनाहरु निर्धारित समयमै सम्पन्न नहुँदा पहाड र तराई बीचको अन्तरआवद्धता मजबुद हुन नसकिरहेको ।
५. कार्यालयहरु प्रविधिमैत्री नहुँदा तथ्याङ्क अद्यावधिक एवम् व्यवस्थापन गरी आवश्यक नीति निर्माण गर्ने कार्य चुनौतीपूर्ण रहेको ।
६. प्रदेशको राजस्व संकलन गर्ने क्षमता न्यून रहेको अवस्थामा प्रदेशको स्रोत साधनको उपलब्धताबीचको खाडल पूर्ति गर्ने कार्य चुनौतीपूर्ण रहेको ।
७. स्थानीय र प्रदेश सरकारको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गर्ने तथा पूर्वाधार निर्माणका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने कार्य चुनौतीपूर्ण रहेको ।

### २.४.३ सुदूरपश्चिम प्रदेशका सम्भावनाहरु

१. यस प्रदेशको प्रमुख नगदे बालीहरुको पकेट क्षेत्र विस्तार गर्ने, उचित मूल्य निर्धारण गर्ने तथा आधुनिक प्रविधिको माध्यमबाट उत्पादन विस्तार गर्न सकिन्छ । यसले आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धन गर्न सक्ने उच्च सम्भावना रहेको छ ।
२. राष्ट्रिय गौरवको आयोजनाको रुपमा ३८,३०० हेक्टर जमिनमा सिँचाइ गर्ने कुल सम्भाव्यता रहेको रानी जमरा कुलरिया सिँचाई परियोजनाको २०७८ पुष मसान्तसम्म ५५.१७ प्रतिशत र ३३,५२० हेक्टर जमिनमा सिँचाइ गर्ने कुल सम्भाव्यता रहेको महाकाली सिँचाइ परियोजनाको २०७८ पुष मसान्तसम्म १५ प्रतिशत (नहर बनाउने काम) मात्र भौतिक प्रगति भएकोले सो परियोजनाहरु द्रुत गतिमा सम्पन्न गर्न सके मौसमी निर्भरता कम भई कृषि योग्य भूमिको उत्पादकत्व तथा कृषि उत्पादनमा वृद्धि हुनुका साथै औद्योगिक विकासको गतिलाई समेत तीव्रता दिन सकिने ।
३. औद्योगिक क्षेत्रका लागि आवश्यक पूर्वाधारहरु (औद्योगिक क्षेत्र, उद्योग ग्राम, सडक, विद्युत् आयोजना आदि) को निर्माणमा तीव्रता दिन सके औद्योगिक विकासको प्रचूर सम्भावना रहेको ।
४. प्रदेशभित्रका महत्वपूर्ण ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक क्षेत्रमा पर्यटन पूर्वाधार विकास गरी आन्तरिक एवम् वाह्य पर्यटन प्रवर्द्धन गर्न सकिने ।

परिच्छेद ३

# कृषि क्षेत्र

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र


समीक्षा अवधिमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) ले ढाकेको भू-क्षेत्र ०.५८ प्रतिशतले ह्रास भएको छ । गत वर्षको यसै अवधिमा यस्तो क्षेत्रफल ०.७० प्रतिशतले ह्रास आएको थियो ।

**३.१.१ खाद्य तथा अन्य बाली :** समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा ०.९७ प्रतिशतले ह्रास भएको छ । गत वर्ष सोही अवधिमा यस्तो क्षेत्रफलमा ०.२२ प्रतिशतले ह्रास आएको थियो । समीक्षा अवधिमा धान बालीले ढाकेको क्षेत्रफल १.३९ प्रतिशतले घटेको छ । कोदो, फापर, आलु, भटमास र दलहनको क्षेत्रफल क्रमशः २.६ प्रतिशत, १२.८४ प्रतिशत, १९.२८ प्रतिशत, २.३८ प्रतिशत र २३.३९ प्रतिशतले वृद्धि भएको छ भने मकै, उखु र तेलहनको क्षेत्रफल क्रमशः ८.०५ प्रतिशत, ६.१७ प्रतिशत, र १९.०७ प्रतिशतले ह्रास आएको छ ।

**३.१.२ तरकारी :** समीक्षा अवधिमा तरकारीले ढाकेको क्षेत्रफल ९.९ प्रतिशतले ह्रास भएको छ । गत वर्ष सोही अवधिमा यस्तो क्षेत्रफल १३.८७ प्रतिशतले ह्रास भएको थियो ।

**३.१.३ फलफूल तथा मसला :** समीक्षा अवधिमा फलफूल तथा मसलाले ढाकेको क्षेत्रफल ७.०४ प्रतिशतले वृद्धि भएको छ । गत आर्थिक वर्षमा यस्तो क्षेत्रफल ३.२३ प्रतिशतले वृद्धि भएको थियो ।

**चित्र २ : प्रमुख खाद्यान्न बालीले ढाकेको क्षेत्रफल (हजार हेक्टरमा)**




**जिल्लागत स्थिति :** समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ३७.६५ प्रतिशत र बाजुरा जिल्लाको सबैभन्दा कम ३.३५ प्रतिशत रहेको छ । समीक्षा अवधिमा तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफलमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ४०.८१ प्रतिशत र बाजुरा जिल्लाको सबैभन्दा कम २.०२ प्रतिशत रहेको छ । त्यसै गरी फलफूल तथा मसलाजन्य बालीले ढाकेको क्षेत्रफलमा कैलाली

जिल्लाको हिस्सा सबैभन्दा बढी ७१.९३ प्रतिशत र अछाम जिल्लाको हिस्सा सबैभन्दा कम १.१० प्रतिशत रहेको छ । **(तालिका ३)**

**तालिका ३ : कृषि उपजले ढाकेको भू-क्षेत्र २०७८-७९**

| जिल्ला | क्षेत्रफल (हेक्टरमा) | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला |
| दार्चुला | १२,६३८ | १,२३५ | १,०५० | ३.९४ | ६.३१ | २.३० |
| बैतडी | २२,१६७ | १,०८९ | १,७३० | ६.९१ | ५.५७ | ३.७८ |
| डडेलधुरा | १३,९१० | १,३९५ | २,४७७ | ४.३४ | ७.१३ | ५.४२ |
| कञ्चनपुर | ७३,८६३ | ३,७५९ | १,९९४ | २३.०४ | १९.२२ | ४.३६ |
| बझाङ | १८,१७८ | ९५० | १,४२४ | ५.६७ | ४.८६ | ३.११ |
| बाजुरा | १०,७२७ | ३९५ | १,१३५ | ३.३५ | २.०२ | २.४८ |
| डोटी | २०,८३३ | २,०५५ | २,५२७ | ६.५० | १०.५१ | ५.५३ |
| अछाम | २७,५९५ | ६९८ | ५०२ | ८.६१ | ३.५७ | १.१० |
| कैलाली | १२०,७४० | ७,९८३ | ३२,८९१ | ३७.६५ | ४०.८१ | ७१.९३ |
| जम्मा | **३२०,६५१** | **१९,५५९** | **४५,७३०** | १००.०० | १००.०० | १००.०० |

(स्रोत: कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय)

## ३.२ कृषि उत्पादन


समीक्षा अवधिमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) को उत्पादन १०.७१ प्रतिशतले ह्रास आएको छ । गत वर्षको सोही अवधिमा यस्ता बालीको उत्पादन ९.३४ प्रतिशतले वृद्धि भएको थियो ।

### ३.२.१ खाद्य तथा अन्य बाली

समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादन १४.४९ प्रतिशतले ह्रास आएको छ । प्रमुख खाद्य तथा अन्य बालीमध्ये सबैभन्दा बढी कोदोको उत्पादन २२.४७ प्रतिशतले वृद्धि भएको छ भने धान उत्पादनमा ३१.४९ प्रतिशतले ह्रास आएको छ ।

जिल्लागत आधारमा बैतडी र बाजुरा जिल्लामा खाद्य तथा अन्न बालीको उत्पादनमा वृद्धि भएको छ भने अन्य जिल्लाहरुमा उत्पादनमा ह्रास आएको छ । यस्ता बालीको उत्पादन सबैभन्दा बढी बैतडी जिल्लामा ७.४ प्रतिशतले वृद्धि भएको छ भने कैलाली जिल्लामा २९.०३ प्रतिशतले ह्रास आएको छ ।

**चित्र ३ : प्रमुख खाद्यान्न बालीको उत्पादन स्थिति (हजार मेट्रिक टनमा)**




**३.२.२. तरकारी :** समीक्षा अवधिमा तरकारीको उत्पादनमा ०.०७ प्रतिशतले ह्रास आएको छ । गत वर्ष सोही अवधिमा तरकारी उत्पादन २.९६ प्रतिशतले वृद्धि भएको थियो । जिल्लागत आधारमा तरकारीको समग्र उत्पादन सबैभन्दा बढी बझाङ जिल्लामा ४९.८२ प्रतिशतले वृद्धि भएको छ भने अछाम जिल्लामा सो उत्पादन ३४.२० प्रतिशतले ह्रास आएको छ ।

**३.२.३. फलफूल तथा मसला :** समीक्षा अवधिमा फलफूल तथा मसला बालीको समग्र उत्पादनमा ६.२५ प्रतिशतले बढेको छ । यस समूह अन्तर्गत केरा उत्पादन ३०.३७ प्रतिशत, अन्य फलफूल उत्पादन २६.६७ प्रतिशत, मसला उत्पादन ७.७७ प्रतिशतले वृद्धि भएको छ भने तथा आँप उत्पादन ४७.६९ प्रतिशत, स्याउ उत्पादन २.९९ प्रतिशत, र सुन्तला उत्पादन १.३२ प्रतिशतले ह्रास भएको छ। समीक्षा अवधिमा जिल्लागत आधारमा सबैभन्दा बढी कञ्चनपुर जिल्लामा फलफूल तथा मसला बालीको समग्र उत्पादन ४३.२४ प्रतिशतले बढेको छ भने डडेल्धुरा जिल्लामा सो उत्पादन ४१.४४ प्रतिशतले ह्रास आएको छ ।

**तालिका ४ : कृषि बालीको उत्पादन २०७८/७९**


| जिल्ला | उत्पादन (मेट्रिक टन) | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला |
| दार्चुला | ३८,८८४ | १३,२४४ | ६,२१६ | ३.२२ | ५.३९ | ३.७२ |
| बैतडी | ६६,५०९ | ६,९८९ | ६,३९१ | ५.५१ | २.८४ | ३.८२ |
| डडेलधुरा | ५५,५२२ | १९,९०० | ११,०५९ | ४.६० | ८.०९ | ६.६१ |
| कञ्चनपुर | ५१३,७४३ | ७७,४७९ | ३५,६९४ | ४२.५९ | ३१.५० | २१.३४ |
| बझाङ | ३३,४३८ | १७,०१० | ४,४१७ | २.७७ | ६.९२ | २.६४ |
| बाजुरा | २७,५६१ | ४,५४२ | ५,३०५ | २.२८ | १.८५ | ३.१७ |
| डोटी | ८२,५१८ | २०,७९६ | २४,२५० | ६.८४ | ८.४६ | १४.५० |
| अछाम | ६५,६६६ | ६,६४४ | ३,०९९ | ५.४४ | २.७० | १.८५ |
| कैलाली | ३२२,४७९ | ७९,३२५ | ७०,८०९ | २६.७३ | ३२.२६ | ४२.३४ |
| **जम्मा** | **१,२०६,३१९** | **२४५,९२९** | **१६७,२४१** | **१००.००** | **१००.००** | **१००.००** |

स्रोत: कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय ।

**जिल्लागत स्थिति :** समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादनमा कञ्चनपुर जिल्लाको हिस्सा सबैभन्दा बढी ४२.५९ प्रतिशत र बाजुरा जिल्लाको सबैभन्दा कम २.२८ प्रतिशत रहेको छ । तरकारी तथा वागवानी

उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ३२.२६ प्रतिशत र बाजुरा जिल्लाको सबैभन्दा कम १.८५ प्रतिशत रहेको छ। त्यसैगरी, फलफूल तथा मसलाजन्य बालीको उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ४२.३४ प्रतिशत र अछाम जिल्लाको हिस्सा सबैभन्दा कम १.८५ प्रतिशत रहेको छ। **(तालिका ४)**

**चित्र ४ : प्रमुख खाद्य तथा अन्य बालीको जिल्लागत उत्पादन स्थिति (हजार मेट्रिक टनमा)**




## ३.३. पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन

**३.३.१ पशुपंन्छी उत्पादन :** समीक्षा अवधिमा दूध उत्पादन १.५९ प्रतिशतले बढेको छ। गत वर्ष सोही अवधिमा दूध उत्पादन १.१६ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा मासुजन्य उत्पादन १.५५ प्रतिशतले बढेको छ भने गत वर्ष सोही अवधिमा मासु उत्पादन १.५९ प्रतिशतले बढेको थियो। मासुजन्य उत्पादन तर्फ कुखुरा तथा हाँसको मासु उत्पादन ४.१७ प्रतिशत, खसी/बोका/भेडाको मासु उत्पादन १.५२ प्रतिशत, सुंगुर/बंगुरको मासु उत्पादन १.५ प्रतिशत, भैंसी/राँगोको मासु उत्पादन १.२३ प्रतिशतले बढेको छ।

समीक्षा अवधिमा अण्डा उत्पादन ०.५१ प्रतिशत, उन उत्पादन ०.११ प्रतिशत, हाड उत्पादन १.२६ प्रतिशत र छाला उत्पादन ०.१४ प्रतिशतले बढेको छ। गत वर्ष सोही अवधिमा अण्डा उत्पादन ०.५५ प्रतिशत, हाड उत्पादन १.२० प्रतिशत र छाला उत्पादन १.०० प्रतिशतले बढेको थियो भने उन उत्पादन १.३९ प्रतिशतले घटेको थियो। समीक्षा अवधिमा माछा उत्पादन ०.७९ प्रतिशतले वृद्धि भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा माछा उत्पादन ०.६५ प्रतिशतले वृद्धि भएको थियो।

**तालिका ५ : प्रमुख पशुपंक्षीजन्य उत्पादन**

| जिल्ला | उत्पादन | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | दूध (हजार लिटरमा) | मासु (मेट्रिक टन) | अन्डा (हजार गोटा) | दूध (हजार लिटरमा) | मासु (मेट्रिक टन) | अन्डा (हजार गोटा) |
| दार्चुला | ३,८०७ | ३,३७७ | २,७७१ | ५.०१ | ९.५० | ३.८३ |
| बैतडी | ८,८०२ | १,५३२ | १,७९३ | ११.५८ | ४.३१ | २.४८ |
| डडेलधुरा | ६,१५३ | ३,५९२ | ७१२ | ८.१० | १०.१० | ०.९८ |
| कञ्चनपुर | १२,९७३ | ५,४६३ | १७,२९२ | १७.०७ | १५.३६ | २३.८८ |
| बझाङ | २,५६२ | २,६५३ | ६०१ | ३.३७ | ७.४६ | ०.८३ |
| बाजुरा | ५,४८३ | ७९८ | २,०८६ | ७.२१ | २.२४ | २.८८ |
| डोटी | ५,०१० | ३,२०४ | ६,००९ | ६.५९ | ९.०१ | ८.३० |
| अछाम | ४,०५७ | ६,३३६ | ३,२९० | ५.३४ | १७.८२ | ४.५४ |
| कैलाली | २७,१५० | ८,६०७ | ३७,८६६ | ३५.७२ | २४.२० | ५२.२९ |
| जम्मा | ७५,९९६ | ३५,५६२ | ७२,४२० | १००.०० | १००.०० | १००.०० |


स्रोत: भेटेनरी अस्पताल तथा पशुविज्ञ केन्द्रहरु, पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय।

समीक्षा अवधिमा वनजन्य उत्पादन तर्फ काठ उत्पादन ७६.४५ प्रतिशतले वृद्धि भएको छ भने औषधीजन्य वस्तु उत्पादनमा ८१.७६ प्रतिशत, दाउरा उत्पादनमा ३०.३४ प्रतिशत तथा अन्य उत्पादनमा ३२.४१ प्रतिशतले ह्रास आएको छ। गत आर्थिक वर्षको सोही अवधिमा औषधीजन्य उत्पादनमा ७२.६५ प्रतिशत, दाउरा १६.७७ प्रतिशतले वृद्धि भएको थियो भने काठ उत्पादनमा ४३.४७ प्रतिशत र अन्य उत्पादनमा १२.७४ प्रतिशतले ह्रास भएको थियो। कोभिड महामारीको असर कम भएपश्चात् काठ/दाउरा कटान तथा ओसारपसार बढ्न गएको तथा बैतडी जिल्लामा वन पैदावार सम्बन्धी पञ्चवर्षिय योजना स्वीकृत भई लागु भएको र डडेलधुरा, बैतडी लगायतका जिल्लाहरुबाट काठको माग बढेका कारण काठको उत्पादनमा उल्लेख वृद्धि भएको हो।

## ३.४ सिँचाइ

समीक्षा अवधिमा सुदूरपश्चिम प्रदेशमा कुल सिँचित क्षेत्रफल ६.७५ प्रतिशतले वृद्धि भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा सिँचित क्षेत्रफल ९.१९ प्रतिशतले वृद्धि भएको थियो। यस प्रदेशमा कुल खेती गरिएको भू-भागमध्ये ३४.६१ प्रतिशत क्षेत्रफल सिँचित रहेको छ। कुल सिँचित क्षेत्रफलमध्ये ७.२५ प्रतिशत कुलो र २५ प्रतिशत नहरबाट सिँचित भएकोमा पोखरी, बोरिङ्ग तथा थोपा सिँचाई प्रणालीबाट नगन्य मात्रामा सिँचाइ भएको देखिन्छ।

**चित्र ५ : सिंचाई सुविधा (हजार हेक्टरमा)**





## ३.५ क्षेत्रगत कृषि कर्जा

२०७८ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट सुदूरपश्चिम प्रदेशमा कृषिमा प्रवाहित कर्जा २०७८ असार मसान्तको तुलनामा २३.३८ प्रतिशतले वृद्धि भई रु. १४ अर्ब ९० करोड ८१ लाख पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा ४०.७१ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा अवधिमा कुल कृषि कर्जामध्ये सबैभन्दा बढी रु. ५ अर्ब ३१ करोड ६० लाख कर्जा अन्य कृषि तथा कृषिजन्य सेवामा प्रवाह भएको छ भने सबैभन्दा कम रु. १९ लाख ८० हजार सनपाटमा प्रवाह भएको छ।

समीक्षा अवधिमा कुल कर्जामध्ये कृषि क्षेत्रतर्फ प्रवाहित कर्जाको अंश १०.१० प्रतिशत रहेको छ। कृषि क्षेत्रमा प्रवाहित कर्जामध्ये कैलाली जिल्लाको अंश ६५.६८ प्रतिशत, कञ्चनपुरको १९.४० प्रतिशत, डडेल्धुरा, दार्चुला, बझाङ, डोटी, बैतडी, अछाम, तथा बाजुराको अंश क्रमश: ३.८४ प्रतिशत, २.६३ प्रतिशत, १.९७ प्रतिशत, २.६८ प्रतिशत, १.४६ प्रतिशत, १.४६ प्रतिशत र ०.८८ प्रतिशत रहेको छ।


चित्र ६ : क्षेत्रगत कृषि कर्जा प्रवाहको अवस्था (रु. दश लाखमा)




## ३.६ सहुलियतपूर्ण कर्जा र पुनरकर्जा

२०७८ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुबाट सुदूरपश्चिम प्रदेशमा प्रवाह भएको सहुलियतपूर्ण कर्जा २०७७ असार मसान्तको तुलनामा १.१९ प्रतिशतले कमी भई ९ अर्ब १२ करोड ६३ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा १४२.०१ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी २०७८ पौष मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुबाट सुदूरपश्चिम प्रदेशमा प्रवाह भएको पुनरकर्जा २०७७ असार मसान्तको तुलनामा २७.७३ प्रतिशतले वृद्धि भई ६ अर्ब ९२ करोड १२ लाख पुगेको छ । गत वर्ष सोही अवधिमा यस शीर्षकमा १ अर्ब ६८ करोड २२ लाख कर्जा प्रवाह भएको थियो ।

चित्र ७ : सहुलियतपूर्ण कर्जा तथा पुनरकर्जा प्रवाहको अवस्था (रु. दश लाखमा)




**जिल्लागत स्थिति :** शीर्षक अनुसार प्रवाहित भएको कर्जामध्ये क्षेत्रगत कृषि कर्जा, सहुलियपूर्ण कर्जा तथा पुनरकर्जामा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी रहेको छ भने बाजुरा जिल्लाको हिस्सा सबैभन्दा कम रहेको छ ।

### तालिका ६ : जिल्लागत रुपमा कर्जाको प्रवाहको अवस्था

| जिल्ला | कर्जा प्रवाह (रु.करोडमा) | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | क्षेत्रगत कृषि कर्जा | सहुलियपूर्ण कर्जा | पुनरकर्जा | क्षेत्रगत कृषि कर्जा | सहुलियपूर्ण कर्जा | पुनरकर्जा |
| दार्चुला | ३९ | १९ | १२ | २.६३ | २.०८ | १.६७ |
| बैतडी | २२ | १६ | ५ | १.४६ | १.७५ | ०.६९ |
| डडेलधुरा | ५७ | ३६ | ४१ | ३.८४ | ३.९७ | ५.८९ |
| कञ्चनपुर | २८९ | २०८ | १७५ | १९.४० | २२.७५ | २५.२५ |
| बझाङ | २९ | १७ | ६ | १.९७ | १.८९ | ०.९० |
| बाजुरा | १३ | ५ | ३ | ०.८८ | ०.६० | ०.४६ |
| डोटी | ४० | ३६ | ११ | २.६८ | ३.९७ | १.६४ |
| अछाम | २२ | १३ | ११ | १.४६ | १.३७ | १.६२ |
| कैलाली | ९७९ | ५६२ | ४२८ | ६५.६८ | ६१.६२ | ६१.८९ |
| **जम्मा** | **१४९१** | **९१३** | **६९२** | **१००.००** | **१००.००** | **१००.००** |

(स्रोतः बैंक तथा वित्तीय संस्था नियमन विभाग)

## ३.७ कृषि क्षेत्रका सम्भावना र चुनौतीहरु

**चुनौतीहरुः**

१. परम्परागत निर्वाहमुखी कृषि प्रणालीलाई प्रतिस्थापित गर्दै कृषिको व्यावसायीकरण, आधुनिकीकरण, औद्योगीकरण, विविधिकरण गर्दै कुल गार्हस्थ्य उत्पादनमा यस प्रदेशले कृषि क्षेत्रमा पुर्‍याईरहेको योगदानको हिस्सा अभिवृद्धि गर्ने ।

२. बसाई सराईका कारण बाँझो हुँदै गएको पहाडी जिल्लाहरुको खेतीयोग्य जमिनहरुलाई लिज एवम् करार खेतीमार्फत श्रम र सिप हुनेहरुमा पहुँच पुर्‍याइ तथा प्रयोगमा ल्याई कृषि उत्पादन बढाउनु ।

३. सिँचाइको अथाह सम्भावनाका बावजुद सो सम्वन्धित परियोजनाहरु निर्धारित समयमै सम्पन्न नहुँदा सिँचाइका लागि मौसमी निर्भरता न्यूनीकरण गर्नु ।

४. राष्ट्रियस्तरमा नै अपेक्षित उन्नत बीउवीजनको ५ प्रतिशत मात्र औपचारिक क्षेत्रबाट आपूर्ति भएको अवस्थामा प्रदेशमा स्थानीय कृषकहरुलाई आफ्नै क्षेत्रमा समयमै गुणस्तरीय बीउवीजन उपलब्ध गराउने एवम् बीउको बढ्दो मागको आपूर्ति गर्ने, उत्पादन वृद्धि गर्ने, बीउ सम्बन्धी पूर्वाधार सुदृढीकरण गर्ने, बिचौलियाको प्रभुत्व हटाउने । साथै, मलखादमा आत्मनिर्भरता बढाई गुणस्तरीय मलखादको समुचित उपयोग वृद्धि गर्ने ।

५. बढ्दो शहरीकरणले ह्रास भईरहेको उर्वर कृषि भूमि जोगाउन, कृषि क्षेत्रमा लगानी वृद्धि गरी कृषि रुपान्तरण गर्ने ।

६. Hunger Index बमोजिम भोकमरीको अवस्था सुदूरपश्चिम र कर्णाली प्रदेशमा बढी देखिन्छ । अतः खाद्य सुरक्षा र सम्प्रभुता सुनिश्चितता पनि प्रदेशको महत्वपूर्ण चुनौतीको रुपमा रहेको ।

७. मौसम परिवर्तन, भूक्षय, बाढीपहिरो, खडेरी, शीत-लहर तथा गर्मी-लहर जस्ता वातावरणीय चुनौतीहरु व्यवस्थापन गर्ने ।

८. बिचौलियाको प्रभुत्व हटाई बजार अनुसार मूल्य निर्धारण गर्ने ।

९. कृषि कर्जा, कृषि बीमा, कृषि अनुदान सम्बन्धी पर्याप्त ज्ञानको अभावले सो सुविधा नलिएका कृषकहरुलाई कृषि व्यवसायको जोखिम न्यूनीकरण तथा कृषि लगानीको सुरक्षाको प्रत्याभूति दिने, अनुदान वितरण कार्यलाई थप व्यवस्थित गर्ने तथा अनुदान वास्तविक किसानमा पुर्‍याउने ।

**सम्भावनाहरुः**

१. भौगोलिक विविधतायुक्त सुदूरपश्चिम प्रदेशले मुख्य बालीहरुको भारत तथा तिब्बतमा समेत निर्यात गरी बाह्य व्यापार प्रवर्द्धन गर्न सकिने र आधुनिक कृषि प्रविधिको सदुपयोगबाट दीगो आर्थिक वृद्धि तथा खाद्य सुरक्षा सुनिश्चित गर्न सकिने अवस्था रहेको ।
२. सुदूरपश्चिम प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले बनाएको कृषि अनुसन्धान, प्रसार र शिक्षा कार्यक्रम कार्यविधि २०७८ बमोजिम यस प्रदेशमा खेतीयोग्य भूमि खण्डीकरण तथा जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै कृषि उत्पादकत्व र उत्पादन वृद्धिलाई जोड दिन राष्ट्रिय आवास कम्पनी लिमिटेड पुनरवास स्थित ७४ बिघा बाँझो जमिनमा चक्लाबन्दीमा कृषि अनुसन्धान, प्रसार र शिक्षा कार्यक्रम व्यवस्थित रुपमा सञ्चालन गर्ने भएको छ । यसले भविष्यमा प्रादेशिक कृषि उत्पादन अभिवृद्धि भई भूमि खण्डीकरण कम गर्ने सम्भावना रहेको ।
३. प्रदेश गौरव योजनाको रुपमा रहेको तथा प्रदेशका नौ वटै जिल्लाका स्थानीय तहहरुमा आर्थिक वर्ष २०७५/७६ देखि सञ्चालित मुख्यमन्त्री एकिकृत कृषि तथा पशुपंक्षी विकास कार्यक्रमले यस प्रदेशलाई खाद्य सुरक्षा र सम्प्रभुताको सुनिश्चितता प्रदान गर्ने, आयात प्रतिस्थापन गर्ने, निर्यात प्रवर्द्धन गर्न सहयोग पुऱ्याईरहेको ।
४. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत कैलाली, कञ्चनपुर र डडेल्धुरामा क्रमशः धान, गहुँ र आलुको सुपरजोन तथा कैलालीमा तेलहन बाली, डडेल्धुरामा भटमास, बैतडीमा मकै, बाजुरामा जैतुन, दार्चुलामा स्याउ/ओखर, अछाम र बझाङमा आलु र डोटीमा अदुवा र बेसार जोनको सञ्चालनले प्रदेश यी प्रमुख बालीहरुमा आत्मनिर्भर भई निर्यात समेत प्रवर्द्धन गर्न सकिने ।
५. कैलाली र कञ्चनपुर जिल्लाहरु उखुखेतीका लागि उपयुक्त रहेको एवम् कञ्चनपुर जिल्लामा दुईवटा चिनी मिल सञ्चालनमा रहेकाले उखुखेतीको प्रशस्त सम्भावना रहेको ।
६. यस प्रदेशका पहाडी जिल्लाहरुमा डालेघाँसको लागि उपयुक्त हावापानी रहेकोले बाखा लगायत अन्य पशुपालनको लागि उपयुक्त रहेको ।
७. राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको रानीजमरा कुलरिया सिँचाइ आयोजना निर्माणको अन्तिम चरणमा रहेकोले कैलाली जिल्लाको तराई भू-भागमा सिँचाइ सुविधामा विस्तार भई तरकारी लगायतका अन्य खाद्यबालीको उत्पादनमा वृद्धि हुन सक्ने ।
८. डोटीस्थित कृषि अनुसन्धान केन्द्रलाई सुदूरपश्चिमको क्षेत्रीय कृषि अनुसन्धान केन्द्रमा परिणत गर्ने हालसालैको निर्णयको परिपूरकका रूपमा सुदूरपश्चिम क्षेत्रका विभिन्न कृषि-पर्यावरणीय स्थानहरूमा (उच्च पहाड, मध्य पहाड र तराई) कृषि अनुसन्धान केन्द्रहरू स्थापना भएमा प्रदेश कृषि क्षेत्रमा आत्मनिर्भर भई कृषि उपजको निर्यात तथा आयात प्रतिस्थापन गर्न सकिने ।

परिच्छेद ४

# उद्योग क्षेत्र

## ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी


यस प्रदेशमा खाने तेल, प्रशोधित दूध, गहुँको पिठो, चामल, चिनी, काठ, साबुन, ईटाँ, रोजिन एण्ड टर्पेन्टाईन लगायतका उद्योगहरु रहेकोमा १२ वटा उद्योगहरुबाट नियमित रुपमा तथ्याङ्क संकलन गरी विश्लेषण गर्ने गरिएको छ ।

अध्ययन क्षेत्रका उद्योगहरुमध्ये काठ उत्पादन गर्ने उद्योग विगत २ वर्ष देखि पूर्ण बन्द रहेकाले उक्त उद्योगलाई अध्ययनबाट हटाइएको तथा साबुन उत्पादन गर्ने १ वटा उद्योग र कंक्रिट ब्लक उत्पादन गर्ने १ वटा उद्योग थप गरेकोले समग्रमा उद्योगको संख्या १३ वटा रहेको छ ।

समीक्षा अवधिमा सर्वेक्षणमा समेटिएका उद्योगको औसत क्षमता उपयोग ३४.९९ प्रतिशत छ । आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिनामा ईंटा, साबुन तथा चिनी उत्पादन गर्ने उद्योगको अधिकतम क्षमता उपयोग भएको देखिएको छ । त्यसैगरी, रोजीन, प्रशोधित दूध र चामल उत्पादन गर्ने उद्योगहरुको क्षमता उपयोग अत्यन्तै न्यून रहेको छ । रोजिन उत्पादन गर्ने उद्योग कामदारहरुको अभाव, कच्चा पदार्थ संकलनमा भएको ढिलाईका कारण उद्योग पूर्ण रुपमा सञ्चालन हुन नसकेको कारण उत्पादन न्यून हुन गएको, प्रशोधित दूध उत्पादन गर्ने उद्योगले दूधको आपूर्ति कम भएको कारण उत्पादन न्यून रहेको छ ।

समीक्षा अवधिमा अध्ययनले समेटेका उद्योगमध्ये दूध उत्पादन यथावत रहेको छ, रोजिन र तेल उत्पादनमा उल्लेख्य रुपमा ह्रास आएको र अन्य वस्तुहरुको उत्पादनमा वृद्धि भएको छ । अध्ययनमा समेटिएका उद्योगहरुमा प्रत्यक्ष रोजगारी १ हजार २ सय ९८ जना रहेको छ । रोजगारीमा आबद्ध महिला तथा पुरुषको अंश क्रमशः १४ प्रतिशत र ८६ प्रतिशत रहेको छ भने ३२.२० प्रतिशत भारतीय नागरिकहरुले समेत यस क्षेत्रमा रोजगारी पाईरहेका छन् ।

**चित्र ८ : उद्योगको क्षमता उपयोगको अवस्था (प्रतिशतमा)**




(स्रोतः अध्ययन क्षेत्रका सम्बन्धित उद्योगहरु)


## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

२०७८ पुष मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा २०७८ असार मसान्तको तुलनामा १४.०३ प्रतिशतले वृद्धि भई रु.२७ अर्ब २७ करोड ८२ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा १९.७४ प्रतिशतले वृद्धि भएको थियो । कुल प्रवाहित कर्जामध्ये औद्योगिक क्षेत्रमा गएको कर्जाको अंश १८.४९ प्रतिशत रहेको छ ।

२०७८ पुष मसान्तसम्म २०७८ असार मसान्तको तुलनामा कुल औद्योगिक कर्जामध्ये गैरखाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगमा प्रवाहित कर्जा सबैभन्दा बढी ४७.०९ प्रतिशतले वृद्धि भएको छ भने विद्युत् ग्यास तथा पानी सम्बन्धी उद्योगमा सबैभन्दा बढी २९.३१ प्रतिशतले ह्रास आएको छ।

कुल औद्योगिक कर्जामध्ये गैरखाद्यवस्तुसम्बन्धी उद्योगमा २४.८४ प्रतिशत, निर्माणसम्बन्धी उद्योगमा ३१.१५ प्रतिशत, कृषि, वन तथा पेय पदार्थ उत्पादनसम्बन्धी उद्योगमा ३४.३४ प्रतिशत, विद्युत्, ग्याँस तथा पानी उद्योगमा ०.६८ प्रतिशत, धातुका उत्पादन, मेसिनरी तथा इलेक्ट्रोनिक उद्योगमा ८.३१ प्रतिशत, खानीसम्बन्धी उद्योगमा ०.६८ प्रतिशत अंश रहेको छ।

**चार्ट ९ : औद्योगिक कर्जा प्रवाह (रु. करोडमा)**




**तालिका ७: जिल्लागत रुपमा औद्योगिक कर्जा प्रवाहको अवस्था**

| जिल्ला | औद्योगिक कर्जा प्रवाह (रु.करोडमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| बाजुरा | ११ | ०.४ |
| बझाङ | ९ | ०.३३ |
| दार्चुला | १५ | ०.५४ |
| बैतडी | १३ | ०.४६ |
| डडेलधुरा | ६८ | २.४९ |
| डोटी | २० | ०.७५ |
| अछाम | १५ | ०.५७ |
| कैलाली | २,१२६ | ७७.९४ |
| कञ्चनपुर | ४५१ | १६.५२ |
| **जम्मा** | **२,७२८** | **१००** |

(स्रोत: नेपाल राष्ट्र बैंक)

समीक्षा अवधिमा यस प्रदेशमा प्रवाह भएको कुल औद्योगिक कर्जामध्ये कैलाली जिल्लाको अंश सबैभन्दा बढी ७७.९४ प्रतिशत रहेको छ भने बाजुरा जिल्लाको अंश सबैभन्दा कम ०.३३ प्रतिशत रहेको छ। यसैगरी, कञ्चनपुर, डडेल्धुरा,

डोटी, बझाङ, अछाम, दार्चुला तथा बैतडीको अंश क्रमशः १६.५२ प्रतिशत, २.४९ प्रतिशत, ०.७५ प्रतिशत, ०.३३ प्रतिशत, ०.५७ प्रतिशत, ०.५४ प्रतिशत र ०.४६ प्रतिशत रहेको छ ।

### ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

**चुनौतीहरुः**

१. औद्योगिक क्षेत्रका लागि आवश्यक पूर्वाधारहरु (औद्योगिक क्षेत्र, उद्योग ग्राम, सडक, विद्युत् आयोजना आदि) को निर्माण गर्नु ।
२. कोभिड-१९ को महामारीले बन्द भएका उद्योगहरु पुनः सञ्चालनमा ल्याउनु ।
३. औद्योगिक असुरक्षा, असहज श्रम सम्वन्ध, कमजोर औद्योगिक पूर्वाधार, दक्ष जनशक्तिको अभाव, प्रविधि ग्रहण गर्ने क्षमताको कमी, न्यून उत्पादकत्व, निर्यातयोग्य वस्तुहरुमा विविधीकरणको कमी आदि उद्योग सञ्चालनका लागि मुख्य चुनौतीको रुपमा रहेको ।
४. उद्योग सञ्चालनका लागि दक्ष जनशक्ति उत्पादन गर्न आवश्यकता अनुसार अध्ययन, अनुसन्धान तथा प्रशिक्षण गर्नु ।
५. आपूर्ति व्यवस्थापनलाई चुस्त तथा प्रभावकारी बनाउनु ।
६. स्थानीय रुपमा उपलब्ध स्रोतहरुको उपयोग गर्नुका साथै, स्वदेशी श्रम शक्तिको दक्षता अभिवृद्धि गर्नु ।
७. निर्यातयोग्य वस्तुहरुको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्नु तथा वस्तु विविधीकरण एवम् उत्पादकत्व बढाउनु ।

**सम्भावनाहरुः**

१. सुदूरपश्चिम प्रदेशस्थित विभिन्न स्थानीय तहमा साना तथा लघु उद्यमहरुको विकास, स्थानीयस्तरका औद्योगिक ग्राम तथा औद्योगिक क्षेत्रको पहिचान, यार्सागुम्बा, मह, पहाडी जिल्लाहरुमा प्रशस्त मात्रामा पाइने सल्लोको प्रयोग गरी रोजिन एण्ड टर्पेन्टाइन लगायतका प्रतिस्पर्धात्मक लाभ भएका बस्तुहरूको उत्पादनलाई प्रोत्साहन गर्न सकेमा स्थानीय औद्योगिक विकास प्रक्रिया सहज हुने ।
२. डोटी, डडेल्धुरा, बैतडी, दार्चुला, बझाङ तथा बाजुरा जिल्लामा प्रशस्त मात्रामा पाईने बहुमूल्य जडिवुटी यार्सागुम्बा, पाँचऔले, झ्याउ, भुतकेश, भोजपत्र, झ्याकुर, दालचिनी, टिमुर, पाषणवेद, दारुहल्दी, तितेपाती, गुच्ची च्याउ, कुमकुम, सिकाकाई, सतुवा, कुटकी, काफलबोक्रा, ओखरबोक्रा, धुपिपात, अलैची, अमला आदि प्रशोधनका लागि जडिवुटी प्रशोधन उद्योग स्थापना गर्न सकिने ।
३. कैलाली र कञ्चनपुर जिल्ला कृषि उत्पादनका लागि उर्वर भएका कारण कृषिजन्य उद्योगहरु (विशेषतः धान, गँहु, दलहन तथा नगदेबाली) को स्थापना गर्न सकिने ।
४. यस प्रदेशमा पर्याप्त मात्रामा मकैको उत्पादन हुनुका साथै व्यावसायिक बंगुर तथा कुखुरापालन गर्ने प्रचलन बढ्दै गएकोमा पशुदानासम्बन्धी उद्योग स्थापना गर्न सकिने ।
५. डडेल्धुरा, बैतडी तथा डोटी जिल्लामा प्रशस्त मात्रामा भटमास खेती हुने भएकाले ती जिल्लाहरुमा भटमास प्रशोधन उद्योगको स्थापना गर्न सकिने ।
६. यस प्रदेशमा चुनढुङ्गा प्रयोग गरी क्लिङ्कर तथा सिमेन्ट उत्पादन गर्ने उद्योग, तामा, फलाम र मार्वल उद्योग, चिनी उद्योग, पल्प तथा कागज उद्योग, प्राङ्गारिक मल उद्योग, दुग्ध उद्योग आदिको अथाह सम्भाव्यता रहेकोले सो सम्बन्धमा उत्खनन, प्रशोधन र अध्ययन अनुसन्धान गर्नका लागि सरकारी तवरबाट प्रयास गर्न सकिने ।

**बक्स १: दैजी छेला औद्योगिक क्षेत्र**

नेपाल सरकार मन्त्री परिषद्को मिति २०७२/१२/०१ गतेको निर्णय बमोजिम सुदूरपश्चिम प्रदेशअन्तर्गत कञ्चनपुर जिल्लामा साविक पूर्वमा छेला मुक्त कमैया बस्ती, पश्चिममा दैजी जोगबुढा सडक, उत्तरमा वन क्षेत्र र दक्षिणमा चाँदनी फाँटा बस्ती चारकिल्ला तोकी ९०० विघा घोषणा गरिएको । मिति २०७३/१०/१४ गतेको मन्त्रीपरिषद्को निर्णयबाट साबिकको चार किल्ला संशोधन गरी पूर्व तर्फ छेला मुक्त कमैया बस्ती तथा धेउडीथुम खोल्सा, पश्चिमतर्फ खोला, उत्तरतर्फ चुरे वन क्षेत्र, तथा दक्षिण तर्फ चाँदनीफाँटा बस्ती (राजमार्ग पश्चिमतर्फको पर्ति जग्गा समेत) कायम भएको ।

करिब ३५४.८७ विगाहा क्षेत्रफलमा स्थापना गरिने यस औद्योगिक क्षेत्रमा औद्योगिक प्लटहरु ३२.८८ प्रतिशत रहने छ भने सडक १६.४७ प्रतिशत रहने छ । उक्त औद्योगिक क्षेत्रमा मध्यवर्ती क्षेत्र २३.१ प्रतिशत, वन कार्यालय क्षेत्र २.१६ प्रतिशत, प्रशासकिय तथा सेवा क्षेत्र १.५४ प्रतिशत, हेलिप्याड, पेट्रोल पम्प, भारी र साधारण सवारी साधनहरुको पार्किङ २.५३ प्रतिशत, सशस्त्र सुरक्षा बलका लागि ३.३६ प्रतिशत, आवासीय क्षेत्रका लागि ३.९० प्रतिशत, विद्युतीय सबस्टेशनका लागि २.१५ प्रतिशत र जलीय क्षेत्रका लगायत अन्य क्षेत्रका लागि ११.९१ प्रतिशत रहने छ । उक्त औद्योगिक क्षेत्रमा साना उद्योगहरु २३, मझौला उद्योगहरु ४४ र ठूला उद्योगहरु ३३ वटा रहने छन् । यसरी १ सय वटा उद्योगहरु उक्त औद्योगिक क्षेत्रमा स्थापना हुनेछन् । साना उद्योगका निम्ति ८ देखि १० कट्ठा, मझौला उद्योगका निम्ति १० देखि २० कट्ठा र ठूला उद्योगका निम्ति १ विघादेखि ५ विघा क्षेत्रफल छुट्याईएको छ । करिब आठ अर्ब लागतमा निर्माण हुने उक्त औद्योगिक क्षेत्रमा कृषि, खनिज तथा विद्युतजन्य उद्योगहरु स्थापना गरिने छन् । जसमा फलफुल तथा तरकारी, मासु प्रशोधन, म्यानुफ्याक्चरिङ, जडिबुटीजन्य, सूर्तिजन्य, कुखुरापालन, चिनी, दूग्धजन्य लगायत मैदा, चाउचाउ, शिशु खाद्य, कागज, काष्ठजन्य, टेक्सटाईल, गार्मेन्ट, फलाम तथा स्टिल, कस्मेटिक, निर्माण सम्बन्धी उद्योगहरु पनि स्थापना हुने छन् । यस औद्योगिक क्षेत्र स्थापना पछि करिब २२ हजार जनाले प्रत्यक्ष/अप्रत्यक्ष रोजगारी पाउने सम्भावना रहेको छ ।

करिब रु.८ अर्बको लगानीमा निर्माण हुने यस औद्योगिक क्षेत्रका १२४ वटा उद्योगहरुमा थप अर्बौंको लगानी हुने अनुमान गरिएको छ । नेपाल सरकारको One Stop Service Center नीतिका आधारमा यस औद्योगिक क्षेत्रभित्र उद्योग दर्ता, भन्सार तथा कार्यालय स्थापना गर्न मिल्ने पूर्वाधार डिजाईन भएको छ। पूर्वाधारतर्फ ४ लेनको मुख्य सडक, छुट्टै साईकल लेन र पैदल यात्रु लेन, बर्षा र ढलको पानीको लागि छुट्टै ड्रेन, २४ घण्टा सफा पानी आपूर्ति, ओभरहेड र अन्डरग्राउन्ड ट्याङ्की, फोहोर पानी प्रशोधन केन्द्र, सिंगल इन्ट्री र सिंगल एक्जिटको व्यवस्था, २४ घण्टा सुरक्षा, ४० मेगावाट विद्युत्को छुट्टै फिडर लाइन, उद्योग संघ, बैंक, शिशु स्याहार केन्द्र, ATM, Display Center, Health Clinic र एकीकृत भन्सार चेकपोष्ट हुनेछ । यस औद्योगिक क्षेत्रको पूर्वाधार निर्माण सम्पन्न भएपश्चात् सुदूरपश्चिम र कर्णाली प्रदेशहरुमा रहेका कृषि, वन खानीमा आधारित उद्योगका साथै विदेशबाट आयातित कच्चा पदार्थमा आधारित उद्योगहरु समेत स्थापना हुनेछ ।

यस औद्योगिक क्षेत्र वन क्षेत्रको जग्गामा स्थापना गर्नुपर्ने भएकाले वन क्षेत्रको प्रयोगको लागि प्रक्रिया सुरु भएको छ । यस सम्बन्धमा औद्योगिक क्षेत्रभित्र पर्ने रुखहरुको छपान, नम्बरिङ र नापजाँच सम्बन्धी कार्य भइरहेको छ जुन कार्य डिभिजन वन कार्यालय, कञ्चनपुरले गरिरहेको छ। पोल तथा रुखहरुको कूल संख्या २५,९७८ भएकोमा हालसम्म जम्मा १७,०१६ रुखहरुको छपान तथा नम्बरिङ्ग कार्य सम्पन्न भएको छ ।

यस औद्योगिक ग्रामको निर्माण कार्य सम्पन्न भएपश्चात् पर्याप्त सम्भावनाका बाबजुद आशातित् गति लिन नसकेको सुदूरपश्चिम प्रदेशले औद्योगिक विकासको गति लिने, बेराजगारीको समस्याले बिदेश पलायन हुन बाध्य श्रमशक्तिले देशमै रोजगारीका पर्याप्त अवसर पाउने, स्थानीय कच्चा पदार्थ, श्रम र सीपको उचित प्रयोग हुने, परम्परागत कृषि प्रणालीमा अत्याधिक निर्भर प्रदेश अर्थतन्त्रमा उद्योग क्षेत्रको हिस्सा बढ्ने एवम् प्रदेश आकर्षक लगानीयोग्य स्थलको रुपमा विकास हुने देखिन्छ ।

(source: Industrial District Management Limited)

परिच्छेद ५

# सेवा क्षेत्र

## ५.१ पर्यटन

समीक्षा अवधिमा सुदुरपश्चिम प्रदेशका ९ जिल्लाहरुमा ४९ वटा पर्यटकस्तरीय होटलहरु सञ्चालनमा रहेका छन । विश्वव्यापी रुपमा फैलिएको कोभिड महामारीका कारण केही जिल्लाहरुमा सञ्चालनमा रहेका होटलहरु पूर्ण रुपमा बन्द भएको तथा केही जिल्लाहरुमा नयाँ होटलहरु थपिएका छन । समग्रमा होटल तथा लजको संख्यामा ६.५२ प्रतिशतले वृद्धि भई ४९ पुगेको छ भने होटल शैयाको संख्या ८.९९ प्रतिशतले वृद्धि भई १ हजार ६ सय ४८ पुगेको छ । समीक्षा अवधिमा अध्ययन क्षेत्रका होटलहरुको औषत अकुपेन्सी क्षमता ४३.४८ प्रतिशत रहेको छ । समीक्षा अवधिमा पर्यटकस्तरीय होटल तथा लजमा प्रत्यक्ष रोजगारी संख्या गत आर्थिक वर्षको सोही अवधिको भन्दा १८.१० प्रतिशतले वृद्धि भई ५ सय २२ रहेको छ। कोभिड महामारीको असर विस्तारै न्यून हुदै गएको, आर्थिक गतिविधिहरु बढ्दै गएकोले विभिन्न जिल्लाहरुमा पर्यटकस्तरिय होटल तथा लजहरु खुल्ने क्रम बढ्दै गएकाले अबका दिनमा पर्यटन क्षेत्र थप चलायमान हुने देखिन्छ ।

**बक्स २ : पर्यटन क्षेत्रको वस्तु स्थिति**

***यस प्रदेशमा रहेका ४९ वटा पर्यटक स्तरीय होटलहरुमध्ये पर्यटकीय सेवा सुविधा तथा कर्जा लगानीका आधारमा नमूनाको रुपमा छनौट गरिएका १० वटा पर्यटकस्तरीय होटलहरुको संक्षिप्त विवरण तल प्रस्तुत गरिएको छ ।***

कोभिड १९ महामारीको असर विस्तारै कम हुँदै गएको कारण विस्तारै आर्थिक गतिविधिहरु बढ्दै गएका छन । जसले गर्दा अति प्रभावित पर्यटन क्षेत्र विस्तारै चलायमान बन्दै गएको छ । कोभिडका कारण सञ्चालनमै रहेका केही पर्यटकस्तरिय होटल तथा लजहरु पूर्ण रुपमा बन्द भएका तथा नयाँ होटल विस्तार तथा निर्माण सम्पन्नको अवस्थामा रहेका केही होटलहरु हाल सञ्चालनमा आएका छन ।

समीक्षा वर्षमा नमुनाको रुपमा छनौट गरिएका १० होटलहरुको औसत अकुपेन्सी ३८.२ प्रतिशत रहेको पाइयो । समीक्षा अवधिमा यी नमुना होटलहरुमा भारतीय पर्यटकहरु ४६५ जना, चिनीयाँ पर्यटक ७ जना तथा तेस्रो मुलुकबाट आएका ८४ जना गरी जम्मा ५५६ जना पर्यटकहरु यस प्रदेशमा भ्रमण गरेको देखिन्छ ।

समीक्षा वर्षमा १५५ पुरुष तथा ४९ महिला गरी जम्मा २०४ जनाले यस क्षेत्रमा रोजगारी पाइरहेको पाइयो ।

**नमुनाको रुपमा छनौट गरिएका होटलहरुको अकुपेन्सी तथा रोजगारी विवरण**

| | **विवरण** | **आ.व. २०७८/७९** |
|---|---|---|
| | पर्यटक स्तरीय होटल तथा लजको संख्या | १० |
| | जम्मा बेड संख्या | ५८० |
| | औषत अकुपेन्सी | ३८.२ |
| पर्यटक आगमन | जम्मा | ५५६ |
| | भारत | ४६५ |
| | चीन | ७ |
| | तेस्रो मुलुक | ८४ |
| रोजगारी | जम्मा | २०४ |
| | पुरुष | १५५ |
| | महिला | ४९ |

*स्रोत : सम्बन्धित होटलहरु*

### ५.२ सार्वजनिक निर्माण तथा रियल स्टेट

समीक्षा अवधिमा समग्र घर जग्गा रजिष्ट्रेशन संख्या १०.८८ प्रतिशतले घटेको छ । गत वर्ष सोही अवधिमा सो संख्या १०.४७ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन वापतको राजस्व संकलन ५८.५८ प्रतिशतले वृद्धि भई रु.७४ करोड ७९ लाख ७० हजार भएको छ। गत वर्षको सोही अवधिमा यस्तो राजस्व संकलन ३६.५० प्रतिशतले वृद्धि भएको थियो ।

समीक्षा अवधिमा घर/भवन नक्सा पास संख्या ४.१ प्रतिशतले वृद्धि भएको छ। गत वर्षको सोही अवधिमा घर/भवन नक्सा पास संख्या १५.४२ प्रतिशतले बढेको थियो ।

समीक्षा अवधिमा सुदूरपश्चिम प्रदेशमा रहेका जिल्लाहरुमध्ये दार्चुला, अछाम र कञ्चनपुर जिल्लामा घरजग्गा रजिष्ट्रेशनमा वृद्धि भएको छ भने बाँकी जिल्लाहरुमा घरजग्गा रजिष्ट्रेशन ह्रास आएको छ। समीक्षा अवधिमा बझाङ जिल्लामा घरजग्गा रजिष्ट्रेशन सबैभन्दा बढी ५५.९८ प्रतिशतले घटेको छ भने कञ्चनपुर जिल्लामा सबैभन्दा बढी १९.४८ प्रतिशतले बढेको छ ।

समीक्षा अवधिमा कैलाली जिल्लामा सबैभन्दा बढी ९०५ वटा घर/भवन नक्सा पास भएका छन भने बाजुरा जिल्लामा एउटा पनि घर/भवन नक्सा पास नभएको र दार्चुला, अछाम र कञ्चनपुर बाहेकका अन्य जिल्लाहरुमा अघिल्लो आर्थिक वर्षको तुलनामा नक्सा पास संख्यामा कमी आएको छ । कोभिड १९ का कारण बन्दाबन्दीको अवस्थाबाट यस आर्थिक वर्षमा आर्थिक क्रियाकलापहरु सुचारु हुनुका साथै पहाडी जिल्लाहरुमा कर्जा लगायत बैंकिङ्ग प्रयोजनका लागि घर नक्सा पास गर्ने प्रचलन बढेका कारण नक्सा पास संख्यामा उल्लेख वृद्धि भएको तथा बाजुरा जिल्लामा नक्सा पास गर्ने प्रचलन विगतमा समेत नरहेकोले यस वर्ष समेत नक्सा पासको संख्या शुन्य रहेको ।

### ५.३ वित्तीय सेवा

समीक्षा अवधिमा सुदूरपश्चिम प्रदेशमा वाणिज्य बैंकका ३२४, विकास बैंकका ४७, वित्त कम्पनीका ६ तथा लघुवित्त वित्तीय संस्थाका ४४८ गरी जम्मा ८२५ शाखा सञ्चालनमा छन् । यसमध्ये कैलाली जिल्लामा सबैभन्दा बढी ३६० तथा बाजुरा जिल्लामा सबैभन्दा कम २७ शाखा सञ्चालनमा छन् । गत आर्थिक वर्षको सोही अवधिमा यस प्रदेशमा वाणिज्य बैंकका ३४०, विकास बैंकका ४०, वित्त कम्पनीका ४ तथा लघुवित्त वित्तीय संस्थाका ३७० गरी जम्मा ७५४ वटा बैंक तथा वित्तीय संस्थाका शाखाहरु सञ्चालनमा रहेका थिए ।

**तालिका ८ : बैंक तथा वित्तीय संस्थाका शाखा**


| प्रकार | बाजुरा | बझाङ | दार्चुला | वैतडी | डडेलधुरा | डोटी | अछाम | कैलाली | कञ्चनपुर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| वाणिज्य बैंक | १३ | १८ | १८ | १७ | २५ | २० | १८ | १३२ | ६३ | ३२४ |
| विकास बैंक | १ | १ | २ | २ | १ | १ | ३ | २६ | १० | ४७ |
| वित्त कम्पनी | ० | ० | ० | ० | ० | ० | ० | ५ | १ | ६ |
| लघु वित्त विकास बैंक | १३ | १८ | १२ | १९ | २६ | २५ | ३३ | १९७ | १०५ | ४४८ |
| पूर्वाधार विकास बैंक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| **जम्मा** | २७ | ३७ | ३२ | ३८ | ५२ | ४६ | ५४ | ३६० | १७९ | ८२५ |

(स्रोतः नेपाल राष्ट्र बैंक)

२०७८ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट सुदूरपश्चिम प्रदेशमा बैंक तथा वित्तीय संस्थाले संकलन गरेको कुल निक्षेप २०७८ असार मसान्तको तुलनामा ३.०२ प्रतिशतले घट्न गई रु. १ खर्ब ५ अर्ब ९५ करोड २९ लाख पुगेको छ । गत वर्ष सोही अवधिमा यस्तो निक्षेप ९.४१ प्रतिशतले वृद्धि भएको थियो ।

२०७८ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट सुदूरपश्चिम प्रदेशमा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जा २०७८ असार मसान्तको तुलनामा १५.८१ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ४७ अर्ब ४० करोड ७७ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा २४.९६ प्रतिशतले वृद्धि भएको थियो ।

**चित्र १० : निक्षेप तथा कर्जा (रु. अर्बमा)**




समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाले संकलन गरेको निक्षेपमा कैलालीको अंश सबैभन्दा बढी अर्थात् ४९.०५ प्रतिशत र बाजुरा जिल्लाको अंश सबैभन्दा कम अर्थात् २.३१ प्रतिशत रहेको छ । अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जामा कैलाली जिल्लाको अंश सबैभन्दा बढी अर्थात् ६९.६५ प्रतिशत र बाजुरा जिल्लाको सबैभन्दा कम अर्थात् ०.८१ प्रतिशत प्रतिशत रहेको छ ।

## ५.४ यातायात


समीक्षा अवधिमा यस प्रदेशमा दर्ता भएका कुल सवारी साधनको संख्या अघिल्लो वर्षको तुलनामा १६.३७ प्रतिशतले वृद्धि भई १ लाख ५९ हजार ६ सय ८५ पुगेको छ । यसमध्ये मोटरसाइकलको संख्या १५.४१ प्रतिशतले वृद्धि भई १ लाख ३१ हजार ५ सय ७४ तथा अन्य सवारी साधनको संख्या २१.११ प्रतिशतले वृद्धि भई २८ हजार १ सय ११ पुगेको छ ।

## ५.५ सेवा क्षेत्र कर्जा

२०७८ पुष मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा २०७८ असार मसान्तको तुलनामा २२.४६ प्रतिशतले बढेर रु. १ खर्ब ५ अर्ब ३० करोड २२ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा २७.७२ प्रतिशतले वृद्धि भएको थियो । कुल प्रवाहित कर्जामध्ये सेवा क्षेत्रमा गएको कर्जाको अंश ७१.४१ प्रतिशत रहेको छ ।

समीक्षा अवधिमा कुल सेवा क्षेत्र कर्जामध्ये थोक तथा खुद्रा विक्रेतासम्बन्धी व्यवसायमा ४४.०० प्रतिशत, वित्त, बीमा तथा अचल सम्पत्तिमा ३.०९ प्रतिशत, अन्य सेवा व्यवसायमा प्रवाहित कर्जा २.०९ प्रतिशत, यातायात भण्डारण र संचारमा २.९१ प्रतिशत, उपभोग्य कर्जामा २७.७१ प्रतिशत र पर्यटनमा ३.१५ प्रतिशत अंश रहेको छ ।

चित्र ११ : सेवा क्षेत्र कर्जा प्रवाह (रु. करोडमा)




२०७८ पुष मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल सेवा क्षेत्रकर्जामध्ये कैलाली जिल्लाको अंश ६८.०९ प्रतिशत, कञ्चनपुर जिल्लाको अंश १८.४७ प्रतिशत, डडेल्धुरा, डोटी, अछाम, बैतडी, दार्चुला, बझाङ तथा बाजुरा जिल्लाको अंश क्रमशः ३.४६ प्रतिशत, २.३७ प्रतिशत, २.०९ प्रतिशत, १.४१ प्रतिशत, १.५९ प्रतिशत, १.६२ प्रतिशत र ०.९१ प्रतिशत रहेको छ ।

**तालिका ९: सेवाक्षेत्र कर्जा प्रवाहको अवस्था**

| जिल्ला | सेवा क्षेत्र कर्जा (रु. करोडमा) | सेवा क्षेत्र कर्जा (हिस्सा) |
|---|---|---|
| बाजुरा | ९६.२० | ०.९१ |
| बझाङ | १७०.४२ | १.६२ |
| दार्चुला | १६६.९५ | १.५९ |
| बैतडी | १४८.२६ | १.४१ |
| डडेलधुरा | ३६४.४७ | ३.४६ |
| डोटी | २४९.२५ | २.३७ |
| अछाम | २२०.३२ | २.०९ |
| कैलाली | ७,१६९.५१ | ६८.०९ |
| कञ्चनपुर | १,९४४.८४ | १८.४७ |
| **जम्मा** | **१०,५३०.२१** | **१००.००** |

(स्रोतः नेपाल राष्ट्र बैंक)

## ५.६ सेवा क्षेत्रको चुनौती र सम्भावना

**चुनौतीहरुः**

१. सुदूरपश्चिम प्रदेशको विकासको मेरुदण्डको रुपमा रहेका धार्मिक, सांस्कृतिक, पुरातात्विक पर्यटकीय पूर्वाधारहरुको विकास तथा प्रवर्द्धनमार्फत आन्तरिक एवं बाह्य पर्यटकको लागि आकर्षक गन्तव्य स्थल निर्माण गर्नु ।
२. प्राविधिक सीपयुक्त जनशक्ति स्वदेशमै उत्पादन गरी स्वरोजगार अभिवृद्धि गर्नु ।

३. वित्तीय सचेतना अभिवृद्धि गर्दै कर्जाको माग पक्ष सबल बनाउनुका साथै ईजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कर्जा कृषि लगायत अन्य उत्पादनशील क्षेत्रहरुमा प्रभावकारी रुपमा प्रवाह गर्नु ।

**सम्भावनाहरुः**

१. प्राय सबैजसो स्थानीय तहमा वाणिज्य बैंकका शाखा पुगिसकेको अवस्थामा बैंकिङ पहुँचमा वृद्धि भई स्थानीय स्तरमा रोजगारी तथा स्वरोजगारीका अवसरहरु सिर्जना हुन सक्ने ।
२. स्थानीय तथा प्रदेश सरकारबाट पर्यटन प्रवर्द्धनका लागि आवश्यक पूर्वाधार निर्माण एवं प्रचार प्रसारका कार्यक्रमहरु सञ्चालनमा रहेकोले आन्तरिक एवं बाह्य पर्यटकको आगमनमा वृद्धि भई प्रदेशको आर्थिक विकास एवं रोजगारीमा टेवा पुग्न सक्ने ।
३. जनसंख्याको अनुपातमा कर्जा लगानी थोरैमात्र रहेकाले कर्जा लगानीमा वृद्धि गरी आर्थिक गतिविधि तथा रोजगारीका अवसरहरु बढाउन सकिने ।

## बक्स ३ः नमूनाको रुपमा छनौट गरिएका सहकारीहरुको अध्ययन


भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभागको सहकारी झलक, २०७७ को तथ्याङ्क बमोजिम यस प्रदेशमा रहेका २०६० सहकारीहरुमध्ये नमूनाको रुपमा छनौट गरिएका १० वटा सहकारीहरुको विस्तृत रुपमा अध्ययन गर्दा देहायबमोजिमको अवस्था रहेको पाईयो ।

**छनौट गरिएका सहकारीहरुको निक्षेप तथा कर्जा प्रवाहको अवस्था**

| विवरण | आ.व.२०७६/७७ (साउन-पुस) | आ.व.२०७७/७८ (साउन-पुस) | आ.व.२०७८/७९ (साउन-पुस) | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| कुल पुँजी (रु. करोडमा) | ४८.७३ | ६३.२९ | ७४.०९ | २९.८७ | १७.०६ |
| कुल बचत (रु. करोडमा) | ३४७.५८ | ४३१.१० | ४५९.५१ | २४.०३ | ६.५९ |
| कुल ऋण (रु. करोडमा) | ३२३.६८ | ३५५.०७ | ४१६.७९ | ९.७० | १७.३८ |
| सदस्य संख्या | ३१,८७० | ३३,९५४ | ४०,९७७ | ६.५४ | २०.६८ |
| कर्मचारी संख्या | १६० | १६९ | १८५ | ५.६३ | ९.४७ |
| संस्था संख्या | १० | १० | १० | | |

*स्रोत : जिल्लास्थित सम्बन्धित सहकारीहरु ।*

समीक्षा अवधिमा नमूना छनौटमा परेका १० वटा सहकारीहरुले संकलन गरेको कुल पुँजी गत वर्षको तुलनामा १७.०६ प्रतिशतले वृद्धि भई रु.७४.०९ करोड पुगेको छ। गत वर्ष यस्तो पूँजी २९.८७ प्रतिशतले वृद्धि भई रु.६३.२९ करोड पुगेको थियो ।
कुल निक्षेप गत वर्षको तुलनामा ६.५९ प्रतिशतले वृद्धि भई रु.४.५९ अर्ब पुगेको छ। गत वर्ष यस्तो निक्षेप २४.०३ प्रतिशतले वृद्धि भई रु.४.३१ अर्ब पुगेको थियो। यसैगरी समीक्षा वर्षमा नमूना छनौटमा परेका १० वटा सहकारीहरुले प्रवाह गरेको कर्जा गत वर्षको तुलनामा १७.३८ प्रतिशतले वृद्धि भई रु.४.१७ अर्ब पुगेको छ। गत वर्ष यस्तो कर्जा ९.७ प्रतिशतले वृद्धि भई ३.५५ अर्ब पुगेको थियो ।
समीक्षा वर्षमा छनौट गरिएका सहकारी संस्थाका सदस्यहरुको संख्या २०.६८ प्रतिशत र सहकारी संस्थामा काम गर्ने कमचारीको संख्या ९.४७ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो आर्थिक वर्ष सदस्य संख्या ६.५४ प्रतिशत र कर्मचारी संख्या ५.६३ प्रतिशतले वृद्धि भएको थियो ।




**नोट** : सहकारी छनौट गर्दा अध्ययन क्षेत्रका प्रत्येक जिल्लाबाट १ वटाका दरले हुने गरी जम्मा ९ वटा तथा कैलाली जिल्लाबाट थप १ गरी जम्मा १० वटा सहकारी छनौट गरिएको छ ।

परिच्छेद ६

# पूर्वाधार र रोजगारी

## ६.१ पूर्वाधार क्षेत्र

२०७८ फागुन सम्ममा राष्ट्रियरुपमा विद्युत् पहुँच पुगेको जनसंख्या ९४.०० प्रतिशत रहेको छ भने सुदूरपश्चिम प्रदेशमा ७१.०७ प्रतिशत रहेको छ त्यसैगरी, सोही अवधिसम्ममा कुल राष्ट्रिय विद्युत् उत्पादन २ हजार २३ मेगावाट रहेको छ भने सुदूरपश्चिम प्रदेशमा ५२ मेगावाट विद्युत् उत्पादन भएको छ।

आर्थिक वर्ष २०७८/७९ को फागुन मसान्तसम्ममा स्थानीयस्तरबाट राष्ट्रिय स्तरमा ६४ हजार ६ सय १७ किलोमिटर सडक निर्माण भएकोमा सोमध्ये कच्ची, ग्राभेल र कालोपत्रे सडक क्रमशः ४६ हजार ४ सय ४१, १३ हजार ६ सय २९ र ४ हजार ५ सय ४७ किलोमिटर रहेको छ। सोही अवधिसम्ममा सुदूरपश्चिम प्रदेशमा ५ हजार ४ सय ७५ किलोमिटर सडक निर्माण भएकोमा कच्ची, ग्राभेल र कालोपत्रे सडकको अंश क्रमशः ४ हजार ५७, १ हजार १ सय ९६ र २ सय २२ किलोमिटर रहेको छ। *(स्रोतः आर्थिक सर्वेक्षण २०७८/७९)*

कैलालीको **गेटा विमानस्थलको** स्तरोन्नती तथा यस प्रदेशका अन्य जिल्लामा रहेका विमानस्थलको पुनरनिर्माणको काम भइरहेको, कुल रु.२७ अर्ब ७० करोडको लागतमा राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको **रानी जमरा कुलरिया आयोजनाको २०७८ पुष मसान्तसम्मको भौतिक प्रगति ५५.१७ रहेको,** रु. १ अर्ब ६५ करोडको लागत रहेको धनगढीको **मोहना पुलदेखि अत्तरिया चोकसम्मको** १४ दशमलव २ किलोमिटर लम्बाईको ६ लेन सडक आयोजनाको हालसम्मको भौतिक प्रगति ९७ प्रतिशत भएको, ५१ दशमलव ८ हेक्टर क्षेत्रमा फैलिएको झण्डै ८ अर्ब बराबरको लागतमा निर्माण भइरहेको **गेटा मेडिकल कलेज** लगायतका पूर्वाधारहरु निर्माणको कार्य अन्तिम चरणमा रहेकोले आन्तरिक पर्यटन, सिँचाई, स्वास्थ्य पूर्वाधार लगायतमा उल्लेख्य सुधार भई यस क्षेत्रको आर्थिक गतिविधिमा  सहयोग पुग्ने देखिन्छ।

कञ्चनपुरको भुजेलामा बन्दै गरेको **सुख्खा बन्दरगाह** तथा **महाकाली नदीमा** निर्माणाधीन ४ लेनको ८०० मिटर लम्बाई भएको पक्की पुलको निर्माणपश्चात् भारतसँगको व्यापार थप सहज हुने तथा दोधारा-चाँदनी क्षेत्रका नागरिकहरुलाई आफ्नै भूमि प्रयोग गरेर आवतजावत गर्न सजिलो हुनुका साथै उक्त क्षेत्रमा प्रचुर सम्भावना रहेको तरकारी लगायतका अन्य स्थानीय उत्पादनलाई बजारीकरण गर्न समेत सहयोग पुग्ने देखिन्छ।

सुदूरपश्चिम प्रदेश सरकारले सबै ९ जिल्लामा एक/एकवटा सडक आयोजनाहरु छनौट गरी **प्रदेश गौरवका सडक** आयोजनाको रुपमा निर्माण कार्य शुरु गरेको छ। यसबाट यस प्रदेशमा महत्वपूर्ण भौतिक पूर्वाधार निर्माण भई निजी क्षेत्रलाई आर्थिक विकासमा पछाडी परेका जिल्ला तथा क्षेत्रहरुमा लगानीका लागि प्रोत्साहित गरी रोजगारी प्रवर्द्धन गर्नमा सहयोग पुग्ने देखिन्छ।

यस प्रदेशको दार्चुला जिल्लामा अपि पावर कम्पनीको ८.५ मेगावाटको नौगाड जलविद्युत आयोजना, ८ मेगावाटको अपर नौगाड साना जलविद्युत आयोजना तथा ४० मेगावाटको अपर चमेलिया जलविद्युत आयोजना निर्माणको चरणमा रहेका छन। यसका साथै निजी लगानीमा निर्माणाधीन बझाङ जिल्लामा रहेको कालंगा नदीबाट कुल ३ वटा परियोजनामार्फत करीब ७० मेगावाट विद्युत उत्पादन हुने क्रममा रहेको छ।

यस पदेशमा रहेका महाकाली, सेती, चमेलिया, बुढीगंगा, कालंगा लगायतका नदीहरुबाट प्रशस्त मात्रामा जलविद्युल उत्पादन गर्न सकिने सम्भावना रहेका छ। चमेलिया नदीबाट ३० मेगावाट जलविद्युत उत्पादन भैरहेको छ। महाकाली नदीमा निर्माण हुने पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाबाट करीब ५,०४० मेगावाट तथा पश्चिम सेती जलविद्युत आयोजनाबाट ७५० मेगावाट विद्युत उत्पादन हुने अनुमान गरिएको छ। यी आयोजनाहरु बन्न सकेमा

समग्र सुदूरपश्चिम प्रदेश लगायत देशभरिमा रहेको विद्युत समस्या समाधान हुनुका साथै विद्युत निर्यात गरी विदेशी मुद्रा आर्जन गर्न सकिने सम्भावना रहेको छ ।

## ६.२ वैदेशिक रोजगारी

समीक्षा अवधिमा यस प्रदेशबाट १० हजार ३ सय १७ जनाले (मासिक श्रम स्वीकृति विवरणहरु, २०७८-७९, बैदेशिक रोजगार विभाग) वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएको देखिन्छ, जुन समग्र देशभरिबाट श्रम स्वीकृति लिने संख्याको झण्डै ३ प्रतिशत हुन आँउदछ । सुदूरपश्चिम प्रदेशको वैदेशिक रोजगारीको प्रमुख गन्तव्य भारत रहेको छ । भारत जानेको संख्या यकिन नभएतापनि विभिन्न अनुमानहरुले करिब ५ देखि ७ लाखको संख्यामा यस प्रदेशका मानिसहरु भारतमा रहेको देखाउँछ । ***(स्रोत: बैदेशिक रोजगार विभाग २०७८ पुष मसान्तसम्म)***

**आन्तरिक रोजगारी :** प्रधानमन्त्री रोजगार कार्यक्रमबाट हालसम्म सुदूरपश्चिम प्रदेशमा १८,७४३ जना लाभान्वित भएका छन । रोजगारीमा खटिएकामध्ये सवैभन्दा बढी बाजुरा जिल्लामा ३०५७ जना लाभान्वित भएका छन भने कञ्चनपुर जिल्लामा सवैभन्दा कम १,३९२ जना लाभान्वित भएका छन । ***(स्रोत: प्रधामन्त्री रोजगार कार्यक्रम)***

**तालिका १० : प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सृजित रोजगारीको अवस्था**


| जिल्ला | सूचिकृत बेरोजगार संख्या | घरधुरी संख्या | कुल रोजगारी प्रदान गरिएको दिन | कुल आयोजना संख्या | रोजगारीमा खटिएकाको संख्या |
|---|---|---|---|---|---|
| बाजुरा | २७,३४२ | २५,१०७ | २३७,८८२ | ४६१ | ३,०५७ |
| बझाङ्ग | १६,८२८ | १५,५२३ | १९३,१४४ | ३६७ | २,३५३ |
| दार्चुला | १४,९१९ | १३,३४३ | १३६,७८८ | ४१५ | १,८४९ |
| बैतडी | २२,२८५ | २०,८४५ | १५०,०५८ | ५०६ | २,८४४ |
| डडेलधुरा | १९,९६४ | १७,८८७ | ३,१८७ | ५८९ | १,६६६ |
| डोटी | १२,४४५ | १२,२२० | १३६,६९० | २७८ | १,४४० |
| अछाम | १९,१६१ | १८,१३४ | १५६,२२६ | ३७१ | १,५३६ |
| कैलाली | २४,७४० | २३,७८८ | २०२,०१८ | ३९४ | २,६०६ |
| कञ्चनपुर | ७,०५९ | ६,७४८ | ५५,४०७ | १६२ | १,३९२ |
| **जम्मा** | **१६४,७४३** | **१५३,५९५** | **१,२७१,४००** | **३,५४३** | **१८,७४३** |

*(स्रोत: प्रधामन्त्री रोजगार कार्यक्रम)*

## ६.३ प्रत्यक्ष वैदेशिक लगानी

आर्थिक वर्ष २०७७/७८ को अन्त्यसम्ममा सुदूरपश्चिम प्रदेशमा वैदेशिक लगानी रु. २ अर्ब ४९ करोड ६० लाख प्रस्ताव गरिएका ६२ वटा परियोजनाको जम्मा लागत रु. ४ अर्ब ८० करोड रहेको छ जसमा प्रस्तावित वैदेशिक लगानीको अंश ५२ प्रतिशत रहेको छ ।

**चित्र १२ : आर्थिक बर्ष २०७७/७८ सम्म जिल्लागत रुपमा वैदेशिक लगानी रहेका परियोजनाको संख्या**




जिल्लागत रुपमा कञ्चनपुरमा सबैभन्दा बढी २३, कैलालीमा १९, बैतडीमा ८, अछाममा ४, दार्चुला र डडेल्धुरामा ३/३ र डोटी र बझाङमा १/१ परियोजनामा वैदेशिक लगानी प्रस्ताव गरिएको छ । परियोजना लागतका हिसावले कैलालीमा सबैभन्दा बढी रु. २ अर्ब ९८ करोड र सबैभन्दा कम डोटीमा रु.१ करोड वैदेशिक लगानी रहेको छ (Industrial Statistics 2077-78, उद्योग विभाग)।

आर्थिक वर्ष २०७८/७९ को फागुनसम्ममा राष्ट्रिय रुपमा विदेशी लगानी स्वीकृति पाएका उद्योगहरुको संख्या ५ हजार ३ सय ८५ रहेको छ भने सुदूरपश्चिम प्रदेशमा यस्ता उद्योगहरुको संख्या ५० रहेको छ । आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म विदेशी लगानी स्वीकृति पाएका उद्योग सबैभन्दा बढी (८२ प्रतिशत) बागमती प्रदेशमा र सबैभन्दा कम (०.९ प्रतिशत) सुदूरपश्चिम प्रदेशमा रहेको छ (स्रोत: आर्थिक सर्वेक्षण २०७८/७९) ।

## ६.४ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

**चुनौतीहरु:**

१. पूर्वाधार निर्माण सम्बन्धमा भएका कार्यहरुको अभिलेख व्यवस्थित गर्दै स्थानीय आवश्यकता अनुसारका विकास निर्माणका योजना बनाउनु ।
२. रणनीतिक महत्वका पूर्वाधार आयोजनाहरु गुणस्तरीय रुपमा समयमा नै सम्पन्न गर्नु ।
३. ठूला विकास निर्माणका आयोजना सञ्चालनका लागि आवश्यक आर्थिक तथा प्राविधिक स्रोत साधनको जोहो गर्नु ।

**सम्भावनाहरु:**

१. पश्चिम सेती, कर्णाली, बुढीगंगा, चमेलिया तथा महाकाली जस्ता नदीहरु यस प्रदेशमा रहेकाले प्रशस्त मात्रामा जलविद्युत् उत्पादनका साथै सिँचाई सुविधामा विस्तार भई कृषिजन्य वस्तुहरुको उत्पादन तथा उत्पादकत्व बढ्न सक्ने ।
२. उत्तर दक्षिण करिडोरका रुपमा रहेका महाकाली लोकमार्ग, सेती लोकमार्ग, खुटिया-दिपायल-चैनपुर-उरै लोकमार्गको निर्माण पश्चात् सहज यातायात सम्पर्कका कारण व्यवसायिक लागत घट्न गई प्रतिस्पर्धात्मक क्षमता बढ्न सक्ने ।

परिच्छेद ७

# आर्थिक परिदृष्य

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ का कारण बन्दाबन्दीको अवस्थाले गर्दा कृषि, उद्योग तथा सेवा क्षेत्रको उत्पादन, वितरण, बजारीकरण लगायत आपूर्ति श्रृंखलामा परेको अवरोधका कारण न्यून भएका आर्थिक गतिविधिहरु हाल कोभिड-१९ को असर कम भएको, स्थानीय तहको निर्वाचन सम्पन्न भएसँगै आर्थिक क्रियाकलापहरु विस्तारै चलायमान हुन थालेकोले समग्र आर्थिक परिदृष्यमा सुधार हुँदै जाने देखिन्छ ।

## ७.१ कृषि उत्पादन

धान बालीका ब्लक र पकेट क्षेत्रमा उन्नत बीउ र रासायनिक मलमा उपलब्ध गराइने अनुदान तथा उन्नत जातको बीउको प्रयोगका कारण धानको उत्पादनमा करिब ५ प्रतिशतले वृद्धि हुने र गहुँको उत्पादनमा ७ प्रतिशतले वृद्धि हुने सरोकारवालाहरुको अनुमान रहेको छ ।

पकेट र ब्लक विकास कार्यक्रममार्फत तरकारी उत्पादनमा आधुनिक प्रविधिको प्रयोग र सिँचाई सुविधामा वृद्धि हुनुका साथै विभिन्न जिल्लाहरुमा मुख्यमन्त्री नमूना गाँउ कार्यक्रम लागु भएको कारण वर्षे तरकारीको उत्पादनमा करिब १० प्रतिशतले वृद्धि हुने अनुमान छ ।

पहाडी जिल्लाहरुमा स्याउ जोन, मुख्यमन्त्री नमूना फलफुल गाउँ जस्ता कार्यक्रमहरु लागु भएको कारण फलफूलको समग्र उत्पादन ६ प्रतिशतले वृद्धि हुनसक्ने विज्ञहरुको अनुमान रहेको छ ।

नश्ल सुधार, बजार व्यवस्थापन, उन्नत पशु आयात, कृषकहरु पशुपालन तर्फ आकर्षित हुनु, सहुलियत ब्याजदरमा कृषि कर्जा तथा पशु बीमा योजना उपलब्ध हुनु, किसान लेयर्स तथा ग्रामीण कुखुरापालनतर्फ आकर्षित हुनु, स्थानीय स्तरमा नै मिनी ह्याचरीको स्थापना हुनु, पशुपालनमा मुख्यमन्त्री नमूना कार्यक्रम, मध्यपहाडी लोकमार्ग दुग्ध उत्पादन जस्ता कार्यक्रमहरु सञ्चालनमा आएका कारण दूध उत्पादनमा ७.४ प्रतिशत, मासु उत्पादन ७.३ प्रतिशत, अण्डा उत्पादन ५ प्रतिशतले वृद्धि हुने अनुमान भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका विज्ञहरुले गरेका छन् ।

## ७.२ औद्योगिक उत्पादन

कोभिड-१९ का कारण संकटमा परेका उद्योगहरु पूर्ण रुपमा सञ्चालन हुन नसकेको, औद्योगिक उत्पादनको लागि चाहिने कच्चा पदार्थ तथा जनशक्तिको अभाव हुन गएकाले औद्योगिक उत्पादन न्युन हुन जाँदा औद्योगिक वस्तुको मूल्यमा चाप पर्ने देखिन्छ । साथै, हाल बजारमा तरलताको समस्या रहेकाले कर्जा लगानी गर्न असहज वातावरण ( Credit Crunch) हुँदा थप नयाँ उद्योगहरु स्थापना हुन कठिन देखिएको तथा सञ्चालनमा रहेका उद्योगहरुको क्षमता उपयोगमा समेत कमी आउन सक्ने देखिन्छ ।

## ७.३ सेवा क्षेत्र

पर्यटकीय मौसममा समेत बाह्य पर्यटकहरु नगण्य रहेकोले पर्यटनसँग सम्बन्धित व्यवसायहरु पूर्ण रुपमा सञ्चालनमा आउन नसक्दा ती क्षेत्रहरुमा आवद्ध थप रोजगारी समेत गुम्न सक्ने देखिन्छ । कोभिडका कारण सिर्जित संक्रमण जोखिमका कारण भारत, चीन तथा अन्य मुलुकबाट पर्यटकहरुको आवागमनमा अझ केही समयसम्म अवरोध आउन सक्ने देखिएकोले सेवा व्यवसाय पूर्ण क्षमतामा सञ्चालन हुने अवस्था नरहेकोले सो क्षेत्रमा बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएको साँवा तथा ब्याज असुलीमा असर पर्ने देखिन्छ ।

### ७.४ पूर्वाधार क्षेत्र

कैलालीको **गेटा विमानस्थलको** स्तरोन्नती तथा यस प्रदेशका अन्य जिल्लामा रहेका विमानस्थलको पुर्ननिर्माणको काम सम्पन्न भइसकेको तथा पहाडी जिल्लाका विमानस्थलहरु समेत सञ्चालनमा आउँदा यस क्षेत्रको हवाई यातायात सेवा सहज भएको छ। जसले गर्दा यस क्षेत्रमा आर्थिक गतिविधि लगायत पर्यटन व्यवसाय समेत फष्टाउने देखिन्छ ।

**गेटा मेडिकल कलेज** निर्माणको कार्य अन्तिम चरणमा रहेकोले निकट भविष्यमा मेडिकल कलेज स्थापना भई स्वास्थ्य सेवा सहज हुने तथा मेडिकल शिक्षाका लागि अन्य क्षेत्रमा जानुपर्ने बाध्यता हट्न गई यस क्षेत्रको आर्थिक गतिविधिमा सहयोग पुग्ने देखिन्छ ।

मोहना पुलदेखि अत्तरियासम्मको १४.२ कि.मी. लम्बाई रहेको ६ लेन सडकको कार्य अन्तिम चरणमा रहेकोले सो सम्पन्न भएपश्चात यस क्षेत्रको यातायात सेवा सहज हुने तथा नेपालबाट भारतको सीमानाकासम्म सहज पहुँच हुने देखिन्छ ।